म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १२१ बिहीबार, २७ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 12 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बसको ठक्करबाट पैदलयात्रुको मृत्यु

हेटौंडा, २६ मंसिर/महेन्द्र राजमार्गअन्तर्गत पर्ने मनहरी गाउँपालिका-६ चौकीटोलमा अन्दाजी ३५/४० वर्षका पैदलयात्रीको बसको ठक्करबाट मृत्यु भएको छ । पैदलयात्रीको पहिचान खुलेको छैन । बीरगञ्जबाट काठमाडौंतर्फ जाँदै गरेको बाप्र०१-००६ ख ५५२४ नम्बरको यात्रुवाहक बसको ठक्करबाट पैदलयात्री घाइते भएका थिए । तत्कालै प्रहरी घटनास्थलमा पुगेर घाइतेलाई उपचारको निम्ति हेटौंडा अस्पताल ल्याएको थियो । उपचारको क्रम घाइतेको बुधबार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । ठक्कर दिने बस र बसचालक जीतपुर सिमराका ५८ वर्षीय उद्धव गिरीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै हेटौंडा उपमहानगरपालिका-१९ बस्तीपुरमा अटोको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । बस्तीपुरबाट मनहरीतर्फ जाँदै गरेको बाप्र०३-००१ ह ०२५१ नम्बरको अटोको ठक्करबाट मनहरी गाउँपालिका-३ सुकौराका ४२ वर्षीय मनोज लामाको मृत्यु भएको प्रहरीले जनाएको छ । घाइते लामालाई अटोचालक प्रेमबहादुर सिन्तानले उपचारका लागि हेटौंडा अस्पताल ल्याएका थिए । उपचारकै क्रममा उनको मृत्यु भएको थियो ।

# पत्रकार महासंघ मकवानपुरको अध्यक्षमा ५ जनाको उम्मेदवारी

साझाकुरा संवाददाता



हेटौंडा, २६ मंसिर/ नेपाल पत्रकार महासंघ मकवानपुरको नयाँ कार्यसमिति चयनका लागि बुधवार मनोनयन दर्ता भएको छ ।

२८ मंसिर अर्थात् भोलि शुक्रबार निर्वाचन हुँदैछ । महासंघ मकवानपुरको अध्यक्षका लागि पाँचजनाले उम्मेदवारी दर्ता गराएको जिल्ला निर्वाचन समिति संयोजक भानुभक्त आचार्यले जानकारी दिए । अध्यक्षमा बालकृष्ण अधिकारी, अञ्जली थापा, शिवकुमार काशी, पोष्टराज अधिकारी (कुमार) र सुरेश श्रेष्ठले उम्मेदवारी दर्ता गराएको संयोजक आचार्यले बताए ।

अधिकारी प्रेस चौतारी र प्रेस युनियन संस्थाको साझा उम्मेदवार बनेका छन् । थापा प्रेस सेन्टर, समाजवादी प्रेसलगायतका संगठनको प्यानलबाट उम्मेदवार बनेकी छन् । रिजाल, कुमार अधिकारी र श्रेष्ठले स्वतन्त्र उम्मेदवारी दिए । उम्मेदवारी दर्ता गराएका पाँच जनामध्ये बालकृष्ण अधिकारी दोस्रो पटक अध्यक्षमा चुनाव लड्दैछन् । बाँकी चार जना पहिलोपटक अध्यक्षको निर्वाचनमा होमिएका हुन् ।

यसैगरी, पत्रकार महासंघ मकवानपुरको उपाध्यक्ष (खुल्ला)मा चौतारी-युनियन प्यानलबाट गणेश अधिकारी (दर्पण), सेन्टर-समाजवादी प्यानलबाट ध्रुव अधिकारी र र विन्द्र गौतमले स्वतन्त्र उम्मेदवारी दर्ता गराए । उपाध्यक्ष (महिला) तर्फ चौतारी-युनियन प्यानलबाट प्रतिक्षा न्यौपाने र सेन्टर-समाजवादी प्यानलबाट भावना रिजालको उम्मेदवारी दर्ता भएको निर्वाचन समिति संयोजक आचार्यले जानकारी दिए ।

सचिव पदका लागि ३ जनाले उम्मेदवारी दिए । जसमा चौतारी-युनियन प्यानलबाट केशव समर्पण सुवेदी, इन्द्रबहादुर बञ्जारा (रमेश) र अशोक सुजन श्रेष्ठ रहेका छन् । कोषाध्यक्षमा चौतारी-युनियन प्यानलबाट प्रदीप अधिकारी र सेन्टर-समाजवादी प्यानलबाट एमपी शर्मा, सहसचिव (खुल्ला)मा चौतारी-युनियन प्यानलबाट विश्वराम अधिकारी र सेन्टर-समाजवादी प्यानलबाट शिवप्रसाद चौलागाईको उम्मेदवारी दर्ता भएको छ ।

सहसचिव (समावेशी)मा चौतारी-युनियन प्यानलबाट सन्नु रिजाल र सेन्टर-समाजवादी प्यानलबाट रुपा गुरुङ, सदस्य (दलित) मा सञ्जीव सुनार र सुमित विश्वकर्मा, सदस्य (महिला) मा स्मिता अर्जेल र जमुना थिङ, सदस्य (जनजाति) मा सानुमाया गुरुङ र जयराम मोक्तानले उम्मेदवारी दिएको निर्वाचन समितिले जनाएको छ । ६ जनाको खुल्ला सदस्यका लागि १३ जनाको उम्मेदवारी दर्ता भएको छ ।

खुला सदस्यमा जीवराज बखेल, कृष्णा विष्ट (सुनिता), कुमारमणि हुमागाईँ, मञ्जिता मैनाली, श्रीराम अर्जुन दाहाल, र विन ढुंगाना, सरोज पौडेल, सुमन दाहाल, विवेक सिन्तान, अशोष ढुंगाना, अनिल पराजुली र नवराज वाइबाको उम्मेदवारी दर्ता भएको निर्वाचन समिति संयोजक आचार्यले जानकारी दिए ।

यस्तै, महासंघ केन्द्रीय परिषद् सदस्यमा कमलचन्द्र सुमन, नवराज शर्मा र सुजन विडारीको उम्मेदवारी परेको छ ।

### ८ जना निर्विरोध निर्वाचित

८ जना निर्विरोध निर्वाचित भएका छन् । जिल्ला कार्यसमिति सदस्य (मधेसी)मा मनिल महतो निर्विरोध निर्वाचित भएका छन् । केन्द्रीय परिषद् सदस्य (समावेशी) तर्फ कृष्णराम परियार निर्विरोध निर्वाचित भए । प्रदेश परिषद् सदस्यमा ६ जना निर्विरोध निर्वाचित भए । जसमा सुनिल शिवाकोटी, कपिल खड्का, अनिष लुइँटेल, सरला अधिकारी, बलराम पुडासैनी र नवीन आलेमगर निर्विरोध भएको संयोजक आचार्यले बताए ।

महासंघको निर्वाचन कार्यक्रमअन्तर्गत शुक्रबार हेटौंडा-५ रिगल हेटौंडा रिसोर्टमा मतदान कार्य हुने निर्वाचन समिति सदस्य तथा जिल्ला बार एसोसिएसन अध्यक्ष अप्सरा बस्नेतले जानकारी दिइन् । नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखाको १८ सदस्यीय समिति चयनका लागि निर्वाचन हुन लागेको हो । ३ वर्षे कार्यकालका लागि एक सय १७ जना मतदाताले मतदान गर्नेछन् ।

यसैगरी, नेपाल पत्रकार महासंघ बागमती प्रदेशको नयाँ नेतृत्वका लागि पनि मकवानपुरका कृष्ण सारुमगर र नुवाकोटका शिव देवकोटाको उम्मेदवारी परेको छ । प्रदेश निर्वाचन समितिका अनुसार सोमबार अपरान्ह प्रकाशित अन्तिम मनोनयन नामावलीअनुसार प्रदेश अध्यक्षमा देवकोटा र मगरको आबेदन परेको हो । नेपाल प्रेस युनियन र प्रेस चौतारीको प्यानलबाट देवकोटा पुनः अध्यक्षका लागि मैदानमा आएका हुन् । प्रेस सेन्टर, समाजवादी प्रेस संगठनलगायतका संगठनको साझा उम्मेदवार सारुमगर छन् ।

देवकोटाको प्यानलबाट प्रदेश खुला उपाध्यक्षमा हरिप्रसाद हुमागाईं र सारुमगरको प्यानलबाट भोलाप्रकाश पौडेलले उम्मेदवारी दिएका छन् । मकवानपुरका हुमागाईं पत्रकार महासंघ मकवानपुरका निवर्तमान अध्यक्ष पनि हुन् । उपाध्यक्ष (महिला) मा देवकोटाको प्यानलबाट बिमला पाण्डे र सारुमगरको प्यानलबाट गीता अधिकारी छन् ।

यस्तै, महासचिवमा देवकोटाको प्यानलबाट राधेश्याम खतिवडा र सारुमगरको प्यानलबाट राजन दाहाल तथा सदस्य (खुला)मा मकवानपुरबाट उज्वल अधिकारीले उम्मेदवारी दिएका छन् ।

# ३ महिने सीपमूलक तालिम लिएकालाई प्रमाणपत्र

साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयअन्तर्गत्को सामाजिक विकास कार्यालय हेटौंडा-८ कमानेबाट संचालन गरिएको सीपमूलक तालिमका सहभागीलाई प्रमाणपत्र प्रदान गरिएको छ ।

सामाजिक विकास कार्यालयले ३ महिने (३९० घण्टे) केशश्रृंगार, सिलाईकटाई, इलेक्ट्रोनिक्स तालिम आयोजना गरेको थियो । तालिममा सहभागी ८३ जनालाई बुधवार एक कार्यक्रमकाबीच सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीले प्रमाणपत्र प्रदान गरेकी हुन् । मन्त्री खड्गीले सिकेको तालिमलाई व्यवहारमा उतार्दै स्वरोजगार बन्न तालिम लिएका सहभागीलाई प्रेरित गरेकी छन् ।

मन्त्रालयका सचिव बद्रीनाथ गैह्रेले सिकेको सीपलाई सदुपयोग गर्न अनुरोध गरे । कार्यालयप्रमुख गोपालप्रसाद कंडेलको सभाध्यक्षाता तथा सामाजिक विकासमन्त्री खड्गीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा फणिन्द्रप्रसाद तिमल्सिनाले स्वागत मन्तव्य र दीपक सुवेदीले सञ्चालन गरेका थिए ।

# कैलाशमा योजना सम्झौता गर्न घुम्ती शिविर



साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ मकवानपुरको कैलाश गाउँपालिकाको कार्यालयले वडा-वडामै गएर योजना सम्झौता गरिरहेको छ । पालिकाको आर्थिक वर्ष २०८१/८२ को बिनियोजित बजेटको पहिलोचरणको कार्यदिश आएका सबै योजनाहरुको सम्झौता प्रत्येक वडामा पुगेर घुम्ती शिविर संचालन गरेर गरिरहेको गाउँपालिका अध्यक्ष लोकबहादुर मोक्तानले बताए ।

भौगोलिक विकटता र वडाबाट पालिकाको केन्द्रसम्म पुग्न टाढा पर्ने हुनाले समयमै योजना सम्पन्न गर्ने उद्देश्यले उपभोक्ता समितिलाई कार्यसम्पादनमा सहज गराउन गाउँमै आएर योजना सम्झौता गरिएको हो । 'जनताले हेर्दा देखिने र छुँदा भेटिने सरकार भनेको यही हो,' मोक्तानले भने । 'स्थानीय सरकारको जिम्मेवारी पूरा गर्दै हामीले उपभोक्ता समितिमा रहेकाहरुको समस्यालाई बुझ्ने प्रयास गरिरहेका छौं ।'

वडाबाट पालिकासम्म आउन टाढा र सार्वजनिक यातायात नहुँदा त्यही समस्यालाई मध्यनजर गर्दै पालिकाले वडा-वडामा घुम्ती शिविर संचालन गरेर योजना सम्झौता गरिरहेको छ । घुम्ती शिविरमा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष, वडासचिव, इन्जिनियरलगायत सम्बन्धित शाखाका कर्मचारीहरुको सहभागिता रहेको छ ।

# एम्नेष्टीको र्‍याली, दीपप्रज्वलन र कोणसभा




साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ अन्तराष्ट्रिय मानवअधिकार दिवसको अवसर पारेर एम्नेष्टी ईन्टरनेसनल नेपाल समूह ६७ हेटौंडा र एम्नेष्टी ईन्टरनेसनल फरेष्ट्री युथ नेटवर्कको आयोजनामा मानवअधिकार र्‍याली, दीपप्रज्वलन र कोणसभा भएको छ ।

कार्यक्रममा एम्नेष्टी ईन्टरनेसनल समूह ६७ हेटौंडाका पूर्वस्वयम्सेवकहरु बिजेन्द्र अग्रवाल, बिजयकुमार बैद्य, हेमन्त ढुँगेलले अन्तराष्ट्रि मानवअधिकार घोषणापत्र १९४८ तथा मानवअधिकार उल्लंघनका राष्ट्रिय अन्तर्राष्ट्रिय घटनको चर्चा गरेका थिए । एम्नेष्टी ईन्टरनेसनल समूह ६७ हेटौंडाका कोषाध्यक्ष पूर्णप्रसाद अर्यालको सभाध्यक्षतामा भएको कार्यक्रमा एम्नेष्टी ईन्टरनेसनल फरेष्ट्री युथ नेटवर्कका संयोजक साधना पौडेलले मानवअधिकार नै हरेक ब्यक्तिको नैसर्गिक अधिकार भएकोले सबैले मानवअधिकारको रक्षाका लागि सम्बेदनशील बन्नुपर्ने बताइन् ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको दिनको स्मरण गर्दै १० डिसेम्बरका दिन संसारभर विभिन्न कार्यक्रमका साथ अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाउने गरिन्छ । हरेकवर्ष डिसेम्बर १० तारिखका दिन विश्वभर यो दिवस मनाउने क्रममा मानवअधिकार उल्लंघनका घटना बढी भएको देशलाई सहयोग गर्ने प्रतिबद्धता जनाउने गरिन्छ । यसवर्षको अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको नारा 'हाम्रो अधिकार, हाम्रो भविष्य र अहिले' रहेको थियो ।

# मनहरीबाट गाँजासहित दम्पती पक्राउ




साझाकुरा संवाददाता

हेटौंडा, २६ मंसिर/ मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित २ जनालाई पक्राउ गरेको छ । सोमबार दिउँसो ३ बजेतिर इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीटोलीले मकवानपुरको मनहरी-७, मनहरी बजारबाट ९ किलो ८५० ग्राम लागूऔषध गाँजासहित एक दम्पतीलाई पक्राउ गरेको हो ।

गाँजासहित दम्पती पक्राउ पर्नेमा कैलाश गाउँपालिका-४, झ्याडेका ५२ वर्षीय प्रतापसिं मोक्तान र उनकी पत्नी ५० वर्षीया राममाया मोक्तान छन् । मकवानपुर जिल्ला अदालतबाट ८ दिनको म्याद थप अनुमति लिई दुबैजनालाई हिरासतमा राखी अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# मुख्यमन्त्री लामा र स्वीस राजदुत म्यूलीबीच भेट

मुलुक संघीय संरचनामा गएपछि दातृनिकायले गर्ने सहयोगको राशि बढाएका छन् । चाहे त्यो ऋणको रुपमा होस् वा अनुदानको रुपमा । पछिल्ला दिनमा नेपालले धान्नै नसक्ने गरी वैदेशिक ऋणका कारण सावाँब्याज भुक्तानी गर्दा किस्ता तिर्न नसक्ने अवस्था आएको छ । प्रादेशिक संरचनामा गएपछि दातृनिकायले प्रदेश तहमा पनि सीधै सहयोग गर्न सक्ने अवस्था छ । यसरी प्रदेश तहबाटै लिइएको अनुदान के कसरी खर्च भएको छ वा त्यस्को प्रभावकारीतामा चासो राख्न थालेको पाइन्छ । बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामातामाङ र नेपालका लागि स्वीस सरकारका राजदुत डा. डेनियल म्यूलीबीच शिष्टाचार भेटघाट भएको छ । भेटमा राजदुत म्यूलीले स्वीस सरकारबाट बागमती प्रदेशमा हाल सञ्चालनमा रहेका परियोजनाको साथसाथै नेपालमा संविधान कार्यान्वयनमा स्वीस सरकारले गरिरहेको परि योजना सहयोगको बारेमा मुख्यमन्त्री लामालाई जानकारी गराएका थिए ।

बागमती प्रदेशमा हाल स्वीस सरकारको सहयोगमा ६ वटा परि योजना कार्यान्वयनमा रहेको र थप २ वटा परियोजना सुरुवातको प्रक्रियामा रहेको जानकारी गराइएको थियो । भेटमा राजदुत म्यूलीले हाल बागमती प्रदेश सरकारले आफैंले प्राविधिक तथा व्यवसायिक सीप सम्बन्धी ऐन जारी गरी प्रादेशिक तहमै रोजगारी प्रवर्द्धनका लागि गरेको प्रयासको प्रशंसा गरे । म्यूलीले बागमती प्रदेशमा स्वीस सरकारको सहयोगमा सुरक्षित आप्रबासी परियोजना (सामी) कार्यान्वयनमा रहेको र सुरक्षित आप्रबासनका लागि बागमती प्रदेश सरकारले समेत उल्लेख्य बजेट विनियोजन गरी कार्यान्वयनमा गएकोमा विशेष धन्यबाद व्यक्त गरेका छन् । यसैगरी, स्वीस सरकारले मोटरेवल लोकल रोड एण्ड ब्रीज प्रोगामबाट सडक पुल निर्माणमा काम गरिरहेको जानकारी गराए । यस क्षेत्रमा समेत प्रदेश सरकार प्रादेशिक सडक गुरुयोजना निर्माण गरेकाले आगामी दिनमा यसले प्रदेशमा सडक तथा पुल निर्माणका लागि नीतिगत रुपमा सरल भएको बताए । म्यूलीले प्रदेशमा डिजिटन नेपाल फ्रेमवर्कअन्तर्गत साना तथा मझौला उद्यमीलाई प्रविधिमैत्री उद्यम विकासमा सहयोग गरिरहेको जानकारी गराएका थिए । यसैगरी प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम (पिएलजिएसपी)मार्फत् प्रदेश सरकार तथा स्थानीय तहमा सुशासन प्रवर्द्धनमा सहयोग गरिरहेको जानकारी गराए । यसैगरी आगामी दिनमा स्थानीय तहमा राजश्व स्रोतवृद्धि विषयमा परियोजना कार्यान्वयनको तयारीमा रहेको बताए । भेटमा मुख्यमन्त्री लामाले स्वीस सरकारले गरिरहेको सहयोगका बारेमा आफू जानकार रहेको र नियमित सहयोगको अपेक्षा रहेको बताए ।

बागमती प्रदेश सरकारले स्वीस सरकारसँग मुल रुपमा प्रविधि हस्तान्तरण र पर्यटन विकासमा सहयोगको अपेक्षा रहेको बताए । बागमती प्रदेशमा पर्यटन र जलविद्युत उत्पादनको अथाहा सम्भावना रहेकाले यस क्षेत्रमा प्रविधि हस्तान्तरण र लगानीका लागि स्वीस सरकारले सहयोग गर्दा उल्लेख्य उपलब्धी हासिल गर्न सकिने बताए । स्वीटजरल्याण्डको संघीयताको मोडलबाट नेपालमा धेरै कुरा सिक्न सकिने हुदाँ त्यहाका विकास मोडल नेपालका लागि सन्दर्भस्रोत रहेको उनले बताएका छन् । राजदुत म्यूलीले स्वीटजरल्याण्ड सरकार नेपालको आर्थिक विकासमा स्वीस लगानी भित्र्याउने विषयमा सकारात्मक पहल भइरहेको र यसका लागि लगानीमैत्री बातावरण निर्माणका लागि अनुरोध गरेका थिए । मुख्यमन्त्री लामाले प्रदेशमा लगानीमैत्री बातावरण निर्माणका लागि आफू निरन्तर लागि परेको र सबैको सहयोगबाट यस क्षेत्रमा उपलब्धि हासिल गरिने बताए । भेटबाट स्वीस सरकार र बागमती प्रदेश सरकारबीच परस्पर सम्बन्धबाट आपसी सहयोगको वातावरण बनेको मुख्यमन्त्री लामाले बताए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर २८ गते शुक्रबार १३ डिसेम्बर २०२४ । त्रयोदशी, मार्ग कृष्णपक्ष । कछलागा ११४५ ने.सं. । सूर्योदय ६:४७, सूर्यास्त ५:०८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : दिन राम्रोसँग बित्नेछ | तुला | : परीक्षामा सफलता मिल्नेछ |
| वृष | : चोट लाग्ने सम्भावना देखिन्छ | वृश्चिक | : पढाइमा रुचि बढ्नेछ |
| मिथुन | : चिन्ता, भय र आशंका बढ्नेछ | धनु | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ |
| कर्कट | : सन्तोष र प्रतिष्ठा मिल्नेछ | मकर | : शुभ समाचार मिल्नेछ |
| सिंह | : काममा प्रगति हुनेछ | कुम्भ | : भाग्योदयको योग छ |
| कन्या | : व्यापारमा लाभ हुनेछ | मीन | : सहयोगी हातहरु बढ्नेछ |

# मानवअधिकार दिवस र कुलुङ जातिको मानवअधिकारबारे चासो



✍ निनाम लोवाती

हरेक वर्षको डिसेम्बर १० लाई आनवअधिकार दिवसका रुपमा मनाइन्छ । यसै क्रममा हिजो डिसेम्बर १० मा ७६औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाइयो । यसै अवसरमा नेपालमा पनि १६औं राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा यही मङ्सिर २३ देखी २९ गतेसम्म मानवअधिकार राष्ट्रिय महाभेला आयोजना गरिएको छ । सो राष्ट्रिय मानवअधिकार दिवसमा यसपकटदेखि कुलुङ जातिको आधिकारिक संस्था 'नेपाल किरात कुलुङ भाषा संस्कृत उत्थान संघ (किरात कूलू गूसखोम)' ले पनि भाग लिने अवसर पाएको छ ।

को हुन् कुलुङ जाति ? किन र कसरी कुलुङ जातिका मानवअधिकार हनन भएका छन् त ? सो सम्बन्धमा यो लेखमा संक्षिप्त चर्चा गरिनेछ । हुन त जिब्रो नचपाई भन्ने हो भने कुलुङ जातिलाई नेपाल सरकार र नेपालका अन्य जातजाति, भाषाभाषी, धार्मिक समूह आदिले पनि अलग्गै जाति मानेको छैन, अलग्गै जातिका रुपमा चिनेको छैन । उनीहरुले कुलुङ जातिलाई कथित राई जातिभित्रको एक थर मात्रै हो भन्ने सुनेका, जानेका, बुझेका छन्, त्यसरी नै चिनेका छन् । तर कुलुङ जाति कथित राई जातिभित्रको एक थर होइन, अलग्गै जाति नै हो । कसरी त भनी तल केही तथ्य र आधारहरु पेस गरेको छु।

पिता-पुर्खा, वंश-परम्परा, इतिहास, भूगोल, भाषा, भेषभूषा, रीतिथिति, चाडबाड, धर्म, संस्कार, संस्कृति, परम्परागत कानुन, चालचलन, बाजागाजा आदिलाई हेर्नुपर्ने हुन्छ । के विनाआधार फुरफुर मात्रै गरेर कुलुङ जातिका अगुवाहरुले हामी 'राई होइनौं' भनी हिँडिरहेका छन् ? यदि कुलुङहरु पनि अन्य जातिसरह अस्तित्व भएको छुट्टै जाति हो भने कुलुङको जनसंख्या कति छ, कुलुङ भाषा बोल्ने मातृभाषी संख्या कति छ ? निश्चय नै सो सम्बन्धमा नेपालका अन्य जातजाति, समुदाय, भाषाभाषी, वर्ग, समूह आदिले जान्ने/बुझ्ने अधिकार राखेका हुन्छन् नै । त्यसैले आउनुहोस्, कुलुङ जातिका बारेमा संक्षेपमा बुझ्ने प्रयास गरौं ।

त्यसरी हेर्दा, भन्नुपर्दा वि.सं. २०६८ को ११औं राष्ट्रिय जनगणनाअनुसार नेपालमा १ सय २५ जातजाति र १ सय २३ भाषाभाषी रहेका थिए भने वि.सं. २०७८ को १२औं राष्ट्रिय जनगणनामा चाहिँ १४२ जातजाति, १२४ भाषाभाषी र १० धार्मिक समूहको तथ्यांक आएको छ । यसरी हेर्दा नेपाल वास्तवमै विविध जातजाति, भाषाभाषी र धार्मिक समूह आदिको साझा फूलबारी हो । भलै राज्यले हालसम्म पनि त्यहीअनुसार नीति निर्माण नगर्नु अर्कै कुरो हो । वि.सं. २०६८ को ११ औं राष्ट्रिय जनगणनामा कुलुङ जातिको जनसंख्या २८ हजार ६ सय ३१ थियो भने वि.सं. २०७८ को १२औं राष्ट्रिय जनगणनामा यो संख्या केही बढेर ३३ हजार ३ सय ८८ आएको छ । त्यस्तै कुलुङ मातृभाषी संख्या ३७ हजार ९ सय १२ र आफ्नो पुर्खाको भाषा कुलुङ भनी लेखाउनेको संख्या ४० हजार ४ सय ७९ रहेको छ । तर कुलुङ जातिको आधिकारिक संस्था 'नेपाल किरात कुलुङ भाषा संस्कृति उत्थान संघ (किरात कूलू गूसखोम)' ले गरेको आन्तरिक जनगणना अनुसार चाहिँ कुलुङ जातिको जनसंख्या कम्तीमा पनि १ लाख १० हजारभन्दा माथि नै रहेको छ भन्ने दाबी रहेको छ ।

कुलुङ जातिका सम्बन्धमा वास्तविकता यस्तो रहेको भए तापनि हालसम्म आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन (आजउराप्र) २०५८ को दफा २ (क) अनुसार कुलुङ जाति छुट्टै जातिका रुपमा सूचीकृत भएका छैनन्, राईमै गाभिएका छन् । जुन कुरो सुन्दा साह्रै दु:ख लाग्छ, पीडाबोध हुन्छ । २१औं शताब्दी भनिएको यो जमानामा त्यो पनि लोकतन्त्र र गणतन्त्र लागू भइसकेको देश नेपालमा यस्तो स्थिति रहनु भनेको विडम्बना नै हो । हुन पनि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन (आजउराप्र) २०५८ को दफा २ (क) मा व्याख्या गरिएअनुसार "छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूचिबमोजिमको जाति वा समुदाय सम्झनुपर्छ ।' भनिएको छ । यसरी हेर्दा कुलुङ जाति सहजै आदिवासी जनजाति सूचिमा सूचीकृत हुनुपर्ने देखिन्छ । किनभने, प्रष्ठिानको ऐनले तोकेभन्दा पनि बढी आधारहरु रहेको छ । अर्थात् कुलुङ जातिको ऐतिहासिक 'महाकुलुङ' भूमि पनि रहेको छ । त्यस्तै अरु जातिको भन्दा छुट्टै मातृभाषा पनि रहेको छ, फरक खालको भेषभूषा पनि रहेको छ । साथै कुलुङ जातिको वंश वा पुर्खाहरु कहाँबाट आए ? सोको इतिहास र वंश-वृक्ष पनि रहेको छ । त्यस्तै हामी भन्ने भावना, भेषभूषा, गरगहना, आफ्नै मौलिक धर्म, संस्कार, संस्कृति, रीतिरिवाज, परम्परागत कानुन, रहनसहन, चाडपर्व आदि पनि अरु जातिको भन्दा फरक रहेको छ ।

अर्को महत्वपूर्ण उदाहरण भनेको हालसम्मको नेपालको जातीय बनोटको आधारमा केही उदाहरणहरु प्रस्तुत गर्नुपर्दा जसरी बाहुन नेपालको एउटा जात मानिन्छ । अनि जसरी बाहुनभित्र निरौला, पाण्डे, घिमिरे, पोखरेल, गौतम, दाहाल आदि थरहरु हुन्छन् । त्यस्तै क्षत्रीको थापा, कार्की, बस्नेत, कटुवाल, बुढाथोकी, डाँगी, राउत आदि थर हुन्छ । अनि मगरको पनि आले, पुन, सिञ्जाली, खपाङ्गी, तिलिजा, मास्की, राम्जाली आदि थर हुन्छ । साथै लिम्बुको पनि आङदेम्बे, चेमजोङ, इङनाम, लुम्फुङ्वा, नेम्बाङ, खेवा, लिङ्देन आदि थर हुन्छ भने तामाङको पनि गोले, तितुङ, थोकर, मोक्तान, योञ्जन, रुम्बा, वाइबा आदि थर र उपथर रहेको हुन्छ नै । हो, त्यस्तै गरेर कुलुङ जातिको पनि आ-आफ्नो थर (थरलाई कुलुङ जातिले 'पाछा' भन्ने गर्छन्, आफ्नो भाषामा), उप-थर रहेको छ । त्यसैले गर्दा नै कुलुङ-कुलुङबीचमै बिहेवारी हुने गरेको छ । नत्र त कसरी कुलुङ-कुलुङबीचमै एक-आपसमा बिहेवारी हुन्थ्यो ?

कुलुङ जातिका शुरुका पुर्खाहरु चार जना रहेका थिए । ती पुर्खाहरु क्रमश: १. छेम्सी, २. ताम्सी, ३. खप्दूलू, ४. राताप्खू हुन् । छेम्सीले शुरुमा 'महाकुलुङ भूमि'को छेम्सीमा, ताम्सीले छेस्खाममा, खप्दूलूले पेल्माङ-पिल्मोमा र राताप्खूले सत्तो-सोत्तो (हाल सोताङ) मा बसोबास शुरु गरे । पछिल्लोपटक भएको राज्य पुनर्संरचनापछि गाउँपालिका (गापा) को व्यवस्था भयो । सोअनुसार यी सबै गाउँहरु अहिले महाकुलुङ र सोताङ गाउँपालिकाभित्र पर्छन् ।

यसरी हेर्दाखेरि कुलुङ जातिको मानवअधिकार हनन गर्ने नेपाल सरकार जसले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनको दफा २ (क) अनुसार सूचीकृत गर्ने आँट गर्दैन र कुलुङ भनेको राईको एक थर मात्रै हो भनेर कुलुङ जातिलाई जबरजस्ती राईकरण गर्ने (कथित राई जातिमा एस्सिमिलेसन गर्ने) हरुको एनजीओ, संस्था दर्ता ऐन-२०३४ अन्तर्गत समाज कल्याण परिषद्मा दर्ता नम्बर-२६५६ भएको र काठमाडौं जिल्ला प्रशासन कार्यालयमा रि जस्टर्ड नम्बर-३२८/०४९/०५० दर्ता नम्बर भएको र, केन्द्रीय कार्यालय काठमाडौंको कोटेश्वरमा रहेको 'राई यायोक्खा नामक एनजीओका विरुद्ध लगभग २८ वर्षको क्षतिपूर्तिसहितको माग दाबीसहित अब हामी कुलुङ जातिले नेपालस्थित राष्ट्रिय मानवअधिकार आयोगमा र अन्तर्राष्ट्रिय स्तरका मानवअधिकार सम्बन्धी वकालत गर्ने मानवअधिकारवादी व्यक्ति एवम् संघसंस्थाहरुसँग समन्य गरेर अगाडि बढ्नुपर्ने देखिन्छ।

त्यसैले ७६औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस तथा १६औं राष्ट्रिय मानवअधिकार महाभेला (नेपालमा) को अवसरमा विश्वजगतका मानवअधिकारवादी संघसंस्था एवम् मानव अधिकारवादी व्यक्तिहरु र नेपालका मानव अधिकारवादी संघसंस्था एवम् मानवअधिकारवादी व्यक्तिहरुमा हाम्रो हार्दिक आग्रह रहेको छ, कि विगत २८ वर्षदेखि माग गर्दै आएको कुलुङ जातिलाई अलग्गै जातिका रुपमा सूचीकृत गर्नुपर्ने हाम्रो माग अनि हामी कुलुङ जाति को हौं ? भनी हामी आफैंले स्वघोषणा गर्न पाउने हाम्रो आत्मनिर्णयको.अधिकार र मानवअधिकारको हननका विरुद्ध नेपाल सरकार र कुलुङ जातिलाई जबरजस्ती राईकरण गर्ने (कथित राई जातिमा एस्सिमिलेसन गर्ने) हरुको एनजीओ, संस्था दर्ता ऐन-२०३४ अन्तर्गत दर्ता नम्बर-२६५६ भएको एवम् काठमाडौं जिल्ला प्रशासन कार्यलय रि जस्टर्ड नम्बर-३२८/०४९/०५० दर्ता नम्बर भएको 'राई यायोक्खा नामक एनजीओका विरुद्ध हामीले के कसरी मानवअधिकार हनन र हालसम्मको क्षतिपूर्ति भराउन पाइन्छ ? सो सम्बन्धमा पनि विश्वजगतका मानव अधिकारवादी संघसंस्था एवम् मानवअधिकारवादी व्यक्तिहरु र नेपालका मानवअधिकारवादी संघसंस्था एवम् मानवअधिकारवादी व्यक्तिहरुमा हाम्रो (कुलुङ जातिको) हार्दिक आग्रह रहेको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# व्यापार घाटा घटाउने र विद्युत् खपत बढाउने उपाय

✍ रिसव गौतम




> खाना पकाउन घरायसी प्रयोजनमा विद्युत् खपत बढाउँदा ग्यास आयातमार्फत हुने व्यापार घाटा कम गर्न सकिन्छ । जनतालाई पनि ग्यासमा हुने लागतभन्दा बिजुली उपयोग गर्दा हुने लागत कम पर्छ ।

पछिल्ला वर्षमा हामीकहाँ जलविद्युत् उत्पादन बढिरहेको छ । विद्युत् उत्पादन बढेसँगै त्यसको बजारीकरण र सदुपयोग बढाउनुपर्ने चुनौती राज्यसामु छ । खासगरी उत्पादित विद्युत्को निर्यातको अवसर खोज्नु राज्यको जति प्राथमिकता हुने गरेको छ, त्यति नै दायित्व वा प्राथमिकता विद्युत्को आन्तरिक खपत बढाउनुमा हुनुपर्छ । जसले व्यापार घाटा कम गर्न, विदेशी मुद्रा सञ्चिति बढाउन र समग्र आर्थिक वृद्धिमै टेवा पुऱ्याउन सहयोग पुग्छ ।

**जलविद्युत् उत्पादनको अवस्था**

हामीकहाँ हाल झन्डै ३१०० मेगावाट विद्युत् उत्पादन भइरहेको छ । आर्थिक सर्वेक्षण २०८१ अनुसार, राष्ट्रिय प्रसारण लाइनमा जोडिएको जलविद्युत्को क्षमता नै ३ हजार ६० मेगावाट पुगिसकेको छ । अघिल्लो वर्ष (२०८०/८१ मा) नेपालले १६ अर्ब ९३ करोडको विद्युत् भारततर्फ नै निर्यात गरेको छ । गत कात्तिकबाट नेपालले बंगलादेशलाई पनि ४० मेगावाट विद्युत् निर्यात गर्न सुरु गरिसकेको छ ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार, गत वर्ष नेपालले १ अर्ब २६ करोड युनिट विद्युत् भारततर्फ निर्यात गरेको थियो । विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार, हाल भारततर्फ ९४१ मेगावाट बिजुली नेपालले निर्यात गर्न थालेको छ । पछिल्लो समय भारततर्फ थप ४०० मेगावाट विद्युत् निर्यात सुरु भएको छ ।

खासगरी भारतको हरियाणा र विहार राज्यका लागि पछिल्लोपटक थप २५१ मेगावाट विद्युत् निर्यातको अनुमति भारतले दिइसकेको छ । यसरी नेपालले उत्पादित बिजुली सस्तो दरमा (औसत ८ रुपैयाँप्रति युनिट) विदेश निर्यात थालेको छ तर आन्तरिक खपत भने बढाउन सकेको छैन । विद्युत्को आन्तरिक खपतबाट अर्थतन्त्रमा पर्ने सकारात्मक प्रभावबारे सरकारले यथेष्ट सोच्न सकेको छैन । अहिले नै रातको समयमा ७०० मेगावाटसम्म विद्युत् खेर जान थालेको प्राधिकरणले नै बताउन थालेको छ । खासगरी बिहान, दिउँसो र बेलुकीको तुलनामा रातमा विद्युत् खपत कम हुने हुँदा विद्युत् खेर जान थालेको छ । त्यस कारण सस्तो दरमा विद्युत् निर्यात गर्ने मात्र होइन, देशमै आन्तरिक खपत बढाउने उपाय खोज्न आवश्यक देखिन्छ ।

**व्यापार घाटाको अवस्था**

नेपालको वैदेशिक व्यापारघाटा हरेक वर्ष चुलिँदो छ । व्यापारघाटा कम गर्ने यथेष्ट सरकारी प्रयास भएको पनि छैन । गत आर्थिक वर्ष २०८०/८१ मा नेपालको कुल वैदेशिक व्यापारघाटा १४ खर्ब ४५ अर्ब रहेको थियो ।

गत वर्ष १७ खर्ब ४५ अर्बको कुल वैदेशिक व्यापार हुँदा १ खर्ब ५२ अर्ब मात्रको निर्यात भएको थियो । आयात भने १५ खर्ब ९२ अर्ब नाघेको थियो । गत वर्ष पेट्रोलियम पदार्थको आयात मात्र ३ खर्ब ३७ अर्ब ३४ करोडको भएको थियो । त्यो पनि पछिल्ला वर्षमा नेपालमा विद्युतीय सवारी-साधनको प्रयोग बढिरहँदा केही घट्न थालेको हो । यकिन तथ्यांक नभए पनि अहिले नेपालमा कुल सवारी-साधनमध्ये २० प्रतिशत विद्युतीय सवारी-साधनको प्रयोग हुन थालेको बताइन्छ । विद्युत् खपत बढाउन र इन्धन आयातमार्फत हुने व्यापारघाटा कम गर्न विद्युतीय सवारी-साधनको प्रयोग बढाउनेमा ध्यान दिन आवश्यक देखिन्छ ।

**व्यापारघाटा घटाउन 'विद्युतीय चुलो'**

लगभग सबैजसो नेपाली आफ्नै घरमा पकाएर खानमा अभ्यस्त छन् । पछिल्लो जनगणना (२०७८) अनुसार, नेपालमा ६६ लाख ६० हजार ८४१ घर-परिवार छन् । जसमध्ये ४४.३ प्रतिशतले एलपी ग्यास प्रयोग गर्छन् । सहरीकरण बढेसँगै गाउँगाउँमा समेत ग्यासको प्रयोग बढ्दो छ तर बिजुली निर्यात गर्न थालिसकेको र स्थायी रूपमा बिजुलीमा आत्मनिर्भर भई रातिको समयमा सात सय मेगावाट विद्युत् खेर जाने अवस्था आउँदा समेत नेपालमा कुल घर परिवारमध्ये ०.८ प्रतिशतले मात्र खाना पकाउन बिजुलीको प्रयोग गर्छन् । यो विडम्बना चिर्न र खाना पकाउन बिजुलीको प्रयोग बढाउन राज्यले दमदार पहल थाल्नुपर्ने देखिन्छ ।

खाना पकाउन बिजुलीको प्रयोग नबढ्नु विविध कारण वा जटिलता हुन सक्छन् । त्यसतर्फ सरकारले सोच्न जरुरी हुन्छ । खाना पकाउन घरायसी प्रयोजनमा विद्युत् खपत बढाउँदा ग्यास आयातमार्फत हुने व्यापार घाटा कम गराउन सकिन्छ । जनतालाई पनि ग्यासमा हुने लागतभन्दा बिजुली उपयोग गर्दा हुने लागत कम पर्छ ।

एक अनौपचारिक अध्ययन अनुसार, ५-६ जनाको एउटा परिवारलाई एक सिलिन्डर ग्यास औसत एक महिना टिक्छ । अहिले बजारमा एक सिलिन्डर ग्यास दुई हजार हाराहारी पर्छ तर विद्युतीय चुलो (इन्डक्सन, इन्फ्रारेड) प्रयोग गर्ने हो भने अधिकतम मासिक १२ सयको बिजुली खपतबाट नेपालीको भात-भान्सा चल्ने देखिन्छ । अर्थात् एउटा परिवारले मासिक ८ सय खर्च जोगाउँदा उसले वार्षिक ९ हजार ६ सय जोगाउँछ ।

राज्यले वार्षिक ५० अर्बभन्दा बढी रकम बिदेसिनबाट जोगाउँछ भने हामी त्यो विकल्पमा किन नजाने ? आखिर अहिले नै हाम्रो बिजुली खेर जान थालिसकेको छ । जबकि सरकारले बजेटमार्फत चालु आर्थिक वर्षको अन्त्यसम्म विद्युत् उत्सादन ३१०० मेगावाटबाट ४५०० मेगावाट पुग्ने बताइसकेको छ । फेरि विद्युत् प्राधिकरणको अनुसार ९९ प्रतिशत नेपालीको पहुँचमा विद्युत् पुगिसकेको छ ।

विद्युतीय चुलोको प्रयोगबाट एलपी ग्यासबाट हुनेभन्दा अति न्यून जोखिम हुन्छ । तर पनि नेपालीहरू ग्यासको विकल्पमा गएका छैनन् । खासगरी बिजुलीको विश्वसनीयता बढ्न नसक्दा पनि विद्युतीय चुलोप्रति आकर्षण देखिँदैन । त्यसकारण विद्युत् प्राधिकरणले बिजुलीको विश्वसनीयता बढाउन जरुरी देखिन्छ । लाइन जाने र आउने विना सेडुअलको प्रवृत्ति अन्त्य गरिनुपर्छ । बिजुलीको गुणस्तर बढाइनुपर्छ र सरकारले नै विद्युतीय चुलो खरिदमा सहुलियतको वातावरण बनाउनुपर्छ । यस्तै, गुणस्तरीय विद्युतीय उपकरण आयात गर्ने कुरामा सहजीकरण गर्नुपर्छ ।

हालैका दिनमा साल्ट ट्रेडिङले विद्युतीय चुलोसहित बाल्ट्राको कुकुर, प्यान, डेक्ची तथा कराई समेतको एकमुष्ठ प्याकेज अनलाइनबाट समेत खरिद अर्डर गर्न सकिने व्यवस्था मिलाएको छ । उसले १३ हजार मूल्यको त्यो प्याकेज सामानलाई नौ हजारमै बिक्री प्रबन्ध मिलाएको देखिन्छ । सो प्याकेजका विद्युतीय चुलोसहितका खाना पकाउन प्रयोग हुने सामान गुणस्तरीय भएको साल्ट ट्रेडिङका विभागीय प्रबन्धक ब्रजेशकुमार झा बताउनुहुन्छ । यसरी विद्युतीय चुलोको प्रयोग, विद्युत्को प्रयोग बढाउन साल्ट ट्रेडिङले गरेको प्रयास वास्तवमै अनुकरणीय छ । विद्युतीय चुलोलाई अझै सहुलियत बनाएर त्यसको प्रयोग बढाउँदा उपभोक्तालाई मात्र होइन, सिंगो राष्ट्रलाई फाइदा हुन्छ ।

आयल निगमका अनुसार, नेपालमा मासिक २६ लाख ७६ हजारभन्दा बढी सिलिन्डर ग्यास खपत हुँदै आएको छ । जसअनुसार दैनिक ८० हजारभन्दा धेरै ग्यास सिलिन्डर नेपालीले खपत गरिरहेका छन् । नेपालले वार्षिक ४ लाख ५६ हजार मेक्ट्रिक टन ग्यास आयात गर्छ । अर्थात् पछिल्ला वर्षमा नेपालले वार्षिक ५० अर्बभन्दा बढीको एलपी ग्यास विदेशबाट आयात गर्दै आएको छ । बर्सेनि ग्यासको मूल्य समेत बढिरहेको छ । यस्तोमा विद्युतीय चुलोको प्रयोग बढाएर ग्यास आयातमार्फत् बाहिरिने रकम रोक्न सरकार लाग्नुपर्छ । त्यसका लागि सरकारले विशेष पहल गर्नुपर्छ । न्यून दरमा बिजुली निर्यात गर्नेतिर भन्दा भान्सादेखि औद्योगिक प्रयोजन हुँदै सवारी-साधनमा पनि अत्यधिक विद्युत् प्रयोग गराउने नीति सरकारले लिनुपर्छ । त्यसको एउटा प्रयास सरकारी स्वामित्व रहेको साल्ट ट्रेडिङ कर्पोरेसनले गरेको देखिन्छ ।

*(साभार: रातोपाटी)*

नेपाल प्रिमियर लिग

# टीयूमा ब्याटरको संघर्ष : सबैभन्दा कम रन बन्दा खसे ३९ विकेट



काठमाडौं/कीर्तिपुरमा जारी नेपाल प्रिमियर लिग एनपीएल क्रिकेटमा हामीले सर्वाधिक उच्च स्कोर बनेर त्यसलाई सफल रूपमा चेजरु भएको पनि देख्यौं, फराकिलो अन्तरको हार पनि देख्यौं, एकै खेलमा ६ विकेटसम्म लिनेदेखि पावरप्लेमै ६ विकेटको दृश्य देख्न पनि धेरै समय कुर्न परेन ।

यसैबीचमा बलरहरू ब्याटरमाथि पूर्णरूपमा हावी भएर सबै ब्याटरहरू संघर्ष गरेका र दोस्रो इनिङमा कम योगफल डिफेन्ड भएको कुराको पनि बुधबार दर्शन पाइएको छ । बुधबारका दुवै खेलमा पहिले ब्याटिङ गर्ने टिमले कम योगफल बनाए पनि त्यसलाई सफल रूपमा डिफेन्ड समेत गरे ।

विशेषगरी दोस्रो खेलमा काठमाण्डु गुर्खाजले १०३ रनको स्कोर डिफेन्ड गर्दै एनपीएलमा सबैभन्दा कम योगफललाई डिफेन्ड गर्ने कीर्तिमान पनि बनायो । सोही रेकर्ड केही घण्टाअगाडि सुदूर पश्चिमको नाममा थियो जहाँ जितको अन्तर पनि फराकिलो थियो ।

टस जितेर पहिले ब्याटिङ गरेको काठमाण्डु १०३ रनमा अलआउट भएपछि कप्तान करण केसीको टसपछिको निर्णयमाथि केही प्रश्न उठेको थियो । यद्यपी काठमाण्डुले लुम्बिनीलाई अझै कम योगफलमा रोक्दै उक्त प्रश्नको जवाफ मैदानबाटै दियो । १०३ रनको योगफल जोगाउन काठमाण्डुले सुरूवातदेखि नै स्पीन बलिङ लगाएको थियो । युवा स्पीनर दिपेश कँडेलले ४ ओभरमा ६ रन मात्र दिएर ३ विकेट लिए भने जेराई एरास्मसले ४ ओभरमा १९ रन दिएर २ विकेट लिए ।

त्यसो त यस्तै किसिमको दृश्य पहिलो खेलमा पनि देखिएको थियो जहाँ सुदूरपश्चिम रोयल्सले जनकपुर बोल्ट्स विरुद्ध १२३ रन डिफेन्ड गर्ने क्रममा जनकपुरलाई ५१ रनमा अलआउट गरेको थियो । उक्त खेलमा सुदूरपश्चिमले १३औं ओभरमा बल्ल पेस बलिङ लगाएको थियो जसको पहिलो बलमै स्कट कुग्लेइनले विकेट लिएपछि जनकपुर ५१ रनमा समेटियो ।

यस खेलमा भने सबै भन्दा कम योगफलको कीर्तिमान बन्यो । जनकपुर ५१ रनमा अलआउट हुँदा यो स्कोर एनपीएलमा हालसम्म बनेको कम योगफल हो । यसअघि पोखरा चितवनविरुद्ध ७४ रनमा अलआउट भएको थियो ।

पहिलो खेलपछि जनकपुरका कप्तान अनिल शाहले विकेटभन्दा पनि ब्याटरहरूले शट सेलेक्सनमा ध्यान नदिँदा धेरै विकेट गुमेको प्रतिक्रिया दिएका थिए। 'विकेटलाई दोष दिने भन्दापनि हामीले शट सेलेक्सनमा ध्यान दिनुपर्ने देखिन्छ, ब्याटरहरू पिचको कारणले भन्दा पनि शटमा ध्यान नदिँदा आउट भएका छन्' उनले भनेका थिए, 'चेज हुन्छ भन्ने नै थियो, ब्याटरहरूले जिम्मेवार शटहरू नखेल्दा हामी चुक्यौं।'

दोस्रो खेलका पराजित कप्तान रोहित पौडेलको पनि त्यस्तै किसिमको प्रतिक्रिया थियो । उनले पनि १०४ रनको लक्ष्य पूरा हुन्छ भन्ने नै विश्वास रहेको तर गलत शटहरू खेल्नाले विकेट गएको बताए । 'टार्गेट चेजेबल नै थियो, हामीले ब्याटिङ युनिटका रूपमा राम्रो ब्याटिङ गरेनौं विशेषगरी स्पीनरहरूसँग राम्रो ब्याटिङ हुन सकेन' उनले भने ।

कप्तानको भनाइलाई पनि आधार मानेर कुरा गर्ने हो भने आजको दिनमा पिचको कन्डिशन अनुसार ब्याटरहरूले क्रिजमा टिकेर खेल्न सक्नुपर्थ्यो । किनभने स्पीनरहरूले बलिङ गर्नासाथ ब्याटरहरू आत्तिएको जस्तो देखिन्थ्यो ।

जुन हिसाबले बलहरू टर्न भइरहेको थियो, त्यस अनुसार ब्याटरहरूमा धैर्यता नहुनु र पिचको अवस्थालाई बुझेर खेल्न नसक्नु नै ब्याटिङ कमजोर हुनुको कारण बनेको छ । अर्कोतर्फ कप्तान रोहितले भनेको जस्तै प्रतियोगिता अगाडि बढ्दै गएपछि विकेट स्लो हुँदै जाने र ब्याटिङका लागि च्यालेन्जिङ बन्दै जान्छ । त्यसलाई अडाप्ट गर्न नसके ब्याटरहरूलाई धेरै नै कठिन हुने गर्छ ।

### सबैभन्दा कम "एग्रेगेट" रन, एकै दिनमा खसे ३९ विकेट

दुवै खेल 'लो स्कोरिङ' हुँदा बुधबार दिनभर टीयू मैदानमा विकेटको पतन हुने क्रम चलेको थियो भने ब्याटरहरूका लागि खासै राम्रो दिन रहेन । पहिलो खेलमा सुदूरपश्चिमले ९ विकेट गुमाएर १२३ रन बनाउँदा जवाफमा जनकपुर ५१ रनमा अलआउट भयो । त्यसैगरी दोस्रो खेलमा काठमाण्डु १०३ रनमा अलआउट हुँदा लुम्बिनी ८५ रनमा अलआउट भयो ।

दुवै खेलका चार इनिङ गरेर कुल ३६२ रन मात्र बनेको छ जुन् दुई खेलका कुल रन जोडेर हुने योगफलमा सबैभन्दा कम रन हो । त्यसैगरी कुनै एक खेलमा दुवै इनिङ गरेर बनेको कुल रन पनि दुवै खेलमा कम नै थिए । पहिलो खेलमा दुई इनिङ गरेर १७४ रन मात्र बनेको थियो भने दोस्रो खेलमा दुई इनिङमा गरेर कुल १८८ रन बनेको थियो । एनपीएलमा आजसम्म आइपुग्दा कुनै पनि खेलमा दुई इनिङ गरेर २०० भन्दा कम रन बनेको छैन ।

त्यसैगरी आज दुई खेलका चार इनिङ गरेर ३९ विकेट खसेको छ । त्यसो त आज चारवटै टिमका कप्तानले स्पीनरलाई नै धेरै बलिङ गराएका थिए । स्पिनरहरू रनमा पनि किफायती रहे । विशेषगरी बाँयाहाते स्पीनरहरूले निकै शानदार बलिङ गरिरहेका थिए ।

पहिलो खेलमा जनकपुरका पेसर किशोर महतोले चार विकेट लिँदा स्पिनरद्वय शेर मल्ल र अरनिको यादवले २-२ तथा हर्श थाकरले १ विकेट लिएका थिए । त्यसैगरी सुदूरपश्चिमका स्पीनरहरू दिपेन्द्रसिंह ऐरी, इशान पाण्डे र हर्मीत सिंहले २-२ विकेट लिँदा सेफ अली जैब र नरेन साउदले १-१ विकेट लिए । पेसर स्कट कुग्लेइनले १ विकेट लिए ।

दोस्रो खेलमा लुम्बिनीका स्पीनर साद बिन जफरले ३ विकेट लिए भने अभिशेष गौतमले २ तथा सुर्य तामाङले १ विकेट लिए । मिडियम पेसर रामोन सिमोण्ड्सले २ र विवेक यादवले १ विकेट लिएका थिए । उता काठमाण्डुका दिपेश कँडेलले ३ विकेट लिएका थिए भने जेरार्ड एरासमसले २ विकेट लिए । कप्तान करण केसीले ४ विकेट लिए भने राशिद खानले १ विकेट हात पारे ।

### काठमाडौंको घातक बलिङले लुम्बिनी "नकआउट"

प्रतियोगिताका सुरूवाती चार खेलमा हार व्यहोरेपछि गर या मरको अवस्थामा रहेको लुम्बिनीले काठमाण्डुलाई १०३ रनमा अलआउट गरेपछि लुम्बिनीले लक्ष्य पूरा गर्दै प्लेअफ सम्भावना कायमै राख्ने अनुमान धेरैको थियो । तर लुम्बिनीले पनि विकेटको पतनलाई थाम्न सकेन ।

स्पिनरहरूले सुरूवात देखि नै घातक बलिङ गरेपछि लुम्बिनी पावरप्लेमै १६-३ को अवस्थामा खुम्चिएको थियो । अघिल्ला खेलहरूमा शानदार खेलेका कप्तान रोहित पनि सस्तैमा आउट भएपछि जिम्मेवारी बोकेका सन्दिप जोरा पनि १९औं ओभरमा आउट भएपछि लुम्बिनीको भरोसा पनि सकिएको थियो ।

काठमाण्डुका दिपेशले १० ओभरभित्रै आफ्नो ४ ओभरको स्पेल सकेका थिए जहाँ उनले ६ रन मात्र खर्चेर ३ विकेट लिए । उनको इकोनोमी १.५ को रह्यो अर्थात् उनले प्रतिओभर २ रनभन्दा कम नै खर्चिरहेका थिए ।

कप्तान करण केसीले ४ ओभरमा १६ रन मात्र खर्चेर ४ विकेट लिए । त्यस्तै शाहब आलमले विकेट नलिए पनि ४ ओभरमा १० रन मात्र दिए । एरासमसले पनि ४ ओभरमा १९ रन मात्र दिएका थिए । लुम्बिनीले पनि पहिलो इनिङमा कसिलो बलिङ गरेको थियो । यद्यपी ब्याटिङ नचल्दा लुम्बिनी एक खेलअगावै प्रतियोगिताबाट बाहिरिएको छ । अब लुम्बिनीले अन्तिम खेलमा कर्णाली याक्ससँग खेल्न बाँकी छ ।

अर्कोतर्फ काठमाण्डुले आजको जितपछि प्लेअफ सम्भावना बढाएको छ । ४ खेलमा २ जितसहित काठमाण्डु पाँचौं स्थानमा छ ।

काठमाण्डुले अब जनकपुर, पोखरा र विराटनगरसँग खेल्न बाँकी छ । तीनमध्ये तीनै खेल जितेमा काठमाण्डु शीर्ष २ मा पनि पर्ने सम्भावना रहन सक्छ । त्यसैगरी २ खेल जितेमा प्लेअफमा स्थान बनाउन सक्छ । जनकपुरसँग काठमाण्डुले बिहीबार नै खेल्दै छ ।

(स्रोत: अनलाइनखबर)

# भारतको जी-नेटवर्कले किन्यो 'ह्रस्व दीर्घ'को ओटीटी र टिभी राइट्स



काठमाडौं/गत कात्तिक ३० गतेबाट नेपालमा प्रदर्शन भएको फिल्म 'ह्रस्व दीर्घ'को ओटीटी र स्याटेलाइट (टिभी) राइट्स भारतीय कम्पनी जी-नेटवर्कले खरिद गरेको छ । बुधबार फिल्मकी निर्मात्री तथा अभिनेत्री नीता ढुंगाना र अभिनेता हरिहर अधिकारीसँग जी-नेटवर्कका अधिकारीले दुईवटा राइट्सको खरिद सम्झौता गरेका हुन् । यसको जानकारी नीता र हरिहरले फेसबुकमार्फत् गराएका छन् ।

फिल्मको जापान प्रदर्शन सकाएर सिधै भारत पुगेका हरिहर र नीता बुधबार सम्झौताका लागि मुम्बईस्थित जी-नेटवर्कको मुख्यालय पुगेका थिए । उनीहरुको साथमा 'ह्रस्व दीर्घ'का छायाँकार कवीरलाल पनि थिए, जो बलिउडका प्रख्यात छायाँकार हुन् । जी-नेटवर्कमा फिल्मको ओटीटी र स्याटेलाइट राइट्स बिक्री गराउन कवीरलालको पनि ठूलो भूमिका रहेको बुझिएको छ ।

जी-नेटवर्कले फिल्मको दुईवटा राइट्स कति मूल्यमा खरिद गरेको हो भन्ने खुलाइएको छैन । तर, उक्त रकम ठूलो रहेको स्रोत बताउँछ । जी-नेटवर्क भारतको ठूलो मिडिया समूह हो । विश्वभर ४५ बढी टिभी च्यानल सञ्चालन गरि रहेको यो कम्पनीको ओटीटी प्लाटफर्म भने 'जी फाइभ' हो । यसले बलिउड र साउथ फिल्मको ओटीटी तथा स्याटेलाइट राइट्स खरिद गर्दै आइरहेको छ ।

जी-नेटवर्क अन्तर्गतका टेलिभिजन र 'जी फाइभ' ओटीटी प्लाटफर्ममा रिलिज हुने 'ह्रस्व दीर्घ' पहिलो नेपाली फिल्म हुनेछ । यो नेपाली फिल्मका लागि ठूलो उपलब्धि हो । यसले नेपाली फिल्मलाई भारतका टेलिभिजन र ओटीटीमा रिलिजका लागि बाटो खुला गरेको छ । प्राप्त जानकारी अनुसार, जी-नेटवर्कले 'ह्रस्व दीर्घ'को हिन्दी भर्सनको राइट्स खरिद गरेको हो ।

यो कम्पनीले फिल्मको राइट्स खरिद गर्नुमा दक्षिण भारत (साउथ)का चर्चित कलाकारहरुको अभिनय मुख्य कारण मानिएको छ । यसमा ब्रह्मानन्दम, अली, सुनिल बर्मा, प्रदीप रावत र कबीर दुहन सिंहको अभिनय छ । चन्द्र पन्तको निर्देशन रहेको फिल्ममा नेपाली कलाकारहरु नीता र हरिहरसहित विपना थापा, रेखा थापा, सञ्चिता लुइँटेल, किरण केसी लगायतले अभिनय गरेका छन् ।

# माग्ने बुढा, प्रकाश सपुत र उपासनाले साइन गरे 'माइतीघर'



काठमाडौं/पारिवारिक कथावस्तुमा रोहित अधिकारीले निर्माण गर्न लागेको फिल्म 'माइतीघर'मा कलाकारको शीर्ष लाइनअप तयार भएको छ । केदार प्रसाद घिमिरे 'माग्ने बुढा', प्रकाश सपुत, उपासनासिंह ठकुरी र बुद्धि तामाङले फिल्म साइन गरेका छन् ।

निर्माता अधिकारीले अन्य कलाकार पनि तय हुन बाँकी रहेको बताए । फिल्ममा धीरज मगर पनि जोडिने चर्चा छ तर, लिखित समझदारी भैसकेको छैन । डेब्यु निर्देशक मिलन तामाङले निर्देशन गर्न लागेको फिल्मले पारिवारिक सम्बन्ध र संवेदनाको कथा प्रस्तुत गर्नेछ ।

छायांकन फागुन वा चैतदेखि सुरु हुने तयारी छ । काठमाडौं, शैलुङ र काभ्रेमा छायांकन हुने फिल्मको यतिबेला धमाधम प्रि-प्रोडक्सन कार्य चलिरहेको छ । फिल्मलाई २०८२ सालको दशैंमा प्रदर्शन लक्ष्य राखिएको निर्माता अधिकारीले जानकारी दिए ।

रविन शेरचन र धीरज तामाङ निर्माता हुन् । इश्वर श्रेष्ठ र चन्द्रकुमार दोङ सहायक निर्माताको रुपमा छन् । अधिकारीले यसअघि गाजुल, छ माया छपक्कै र फर्की फर्की निर्माण गरिसकेका छन् । प्रचार प्रसारलाई भव्य तुल्याउने रोहितले बताए । सोही नामको अघिल्लो फिल्म 'माइतीघर'को शीर्ष गीतलाई पनि यस फिल्ममा समावेश गर्ने जनाइएको छ ।

# निजामती कर्मचारीको संख्या कटौती गर्ने पक्षमा लोक सेवा आयोग

काठमाडौं/तीन तहको सरकारमा आवश्यकताभन्दा बढी सरकारी कर्मचारी भर्ना भएको भन्दै लोक सेवा आयोग कर्मचारी कटौती गर्नुपर्ने पक्षमा उभिएको छ । राज्यको स्रोत-साधनले धान्नै गाह्रो पर्ने गरी कर्मचारी भर्ती गरिएको आयोगको निष्कर्ष छ । आयोगले तीनै तहको सरकारमा आवश्यकता भन्दा अत्यन्त धेरै कर्मचारी छनोट गरिएको भन्दै यसलाई घटाउन जरूरी रहेको बताएको हो ।

बुधबार प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा लोक सेवा आयोगलाई छलफलका लागि बोलाइएको थियो । दफावार छलफलमा रहेको सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर छलफल गर्न बोलाइएको बैठकमा आयोगका अध्यक्ष माधव प्रसाद रेग्मीले कर्मचारी घटाउने विषयमा धारणा राखेका थिए ।

बैठकमा सांसद बासुदेव घिमिरेले नेपालमा चाहिनेभन्दा बढी कर्मचारी रहेको र त्यसलाई घटाउन आयोगको धारणा के छ भन्दै प्रश्न गरेका थिए । अर्की सांसद दुर्गा राईले पनि 'देशमा हजारौं बढी कर्मचारी हुँदा राज्यलाई भार पर्दैन ?' भन्दै प्रश्न गरेकी थिइन् । जवाफमा अध्यक्ष रेग्मीले बढी कर्मचारी हुँदा मुलुकको स्रोत साधनले धान्न मुस्किल हुने बताए । 'कर्मचारीको संख्या घटाउने विषय महत्त्वपूर्ण छ । माननीय ज्यूहरूले नोट गर्नुहोला- संघमा ३२ हजार, प्रदेशमा २२ हजार र स्थानीय तहमा ४५ हजार कर्मचारी भए पुग्छ भनेर हामीले भनेका छौं,' उनले भने ।

अध्यक्ष रेग्मीले एक लाखभन्दा कम संख्यामा कर्मचारी हुँदा पुग्ने भनेर सरकारलाई सुझाव दिँदा पनि हाल १ लाख ५० हजारको हाराहारीमा कर्मचारीको संख्या पुर्याइएको उल्लेख गरे । 'हामीले प्रस्ताव र सुझाव गरेको १ लाख घटी कर्मचारी हो । हामीकहाँ हाल १ लाख ५० हजारको हाराहारीमा कर्मचारी छन्,' उनले भने, 'मुलुकको आवश्यकता र स्रोत साधन हेरेर यसलाई घटाउन जरूरी छ ।'

### घोकेर लोक सेवा पास गर्ने पाठ्यक्रमप्रति प्रश्न

बैठकमा सांसदहरूले कर्मचारी छनोट र यसको प्रक्रिया तथा पाठ्यक्रमलाई लिएर पनि विभिन्न पक्षबाट प्रश्न उठाएका छन् । सांसदहरूले प्रश्नपत्र जाँच्ने प्रक्रियादेखि सेवा प्रवेश गरेपश्चात् माथिल्लो पदमा जान निरन्तर कोचिङ सेन्टर धाउनेसम्मका विषयमा प्रश्न उठाए ।

बैठकमा बोल्दै रास्वपा सांसद चन्दा कार्की भण्डारीले परीक्षा भएपश्चात् उत्तरपुस्तिका जाँच गर्दा हुने सम्भावित अनियमितता रोक्ने उपाय के छ भन्दै प्रश्न उठाइन् । यस्तै अर्का सांसद कृष्णगोपाल श्रेष्ठले उत्तरपुस्तिका जाँच्नेले मोबाइल वा अन्य आधुनिक उपकरण बोकेर जान पाउँछ कि पाउँदैन भन्ने प्रश्न गरे ।

यस्तै सांसद रघुजी पन्तले तल्ला तहदेखि शाखा अधिकृत तथा उपसचिवहरू सबै परीक्षा तयारीमा लाग्दा प्रश्न उठेको उल्लेख गरे ।

'बाहिर गुनासो छ कि शाखा अधिकृत, उपसचिव सबै परीक्षा तयारीमा ट्युसन सेन्टर तयारी गर्न जान्छन्, त्यसकारण करार कर्मचारी नै राखौं भन्ने गुनासो छ,' उनको प्रश्न थियो, 'यसलाई कसरी लिनुभएको छ ?' जवाफका क्रममा अध्यक्ष रेग्मीले उक्त विषय स्वीकार गर्दै भने, 'परीक्षा तयारीमा लाग्ने विषय सही हो ।'

उनले परीक्षा धेरै नहोस्, परीक्षाको पछि नलागुन् भनेर विधेयकमाथि सुझाव दिएको पनि जानकारी दिए । 'मूल्याङ्कनको आधारमा प्रम कार्यालय, मुख्यमन्त्री कार्यालय लगायत निकायमा बस्ने तथा पढिरहने, जनताको काम नगर्ने, कोचिङ सेन्टरमात्र धाइरहने अनि तिनै यहाँ केन्द्रमा बस्ने, छात्रवृत्तिमा विदेश जाने र उनीहरूनै सफल हुने क्रम बढ्दो छ । यो समस्या भएर आएको छ,' उनले भने, 'लेख्नेलाई पास गर्नै पर्छ, फेल गराउन मिलेन । तर, परिपक्व भएपश्चातमात्र त्यस्तो कर्मचारी पदमा पुगोस् भन्नेचाहिँ छ ।'

अध्यक्ष रेग्मीले नेपालको निजामती सेवा गुरु सिपाही र ठिटाचाहिँ जर्नेलजस्तो भएको पनि उल्लेख गरे । 'सहसचिव ३२/३३ वर्षका आउँछन् ल्याटरल इन्ट्रीबाट । शाखा अधिकृत र नासुहरू चाहिँ २४ (घ) (१) बाट ५०/५२ का आउँछन्,' उनले भने, 'सिपाही ५२ वर्षका भए, जर्नेल ३५ वर्षको भए । अब युद्ध कसरी जित्ने होला !'

# उपभोग्य वस्तुको किन छैन बजारमा माग ?

काठमाडौं/सरकारका पछिल्लो आर्थिक विवरणहरू हेर्दा बाहृय क्षेत्रका रूपमा रहेका विदेशी मुद्रा सञ्चिति, शोधनान्तर बचत, रेमिट्यान्स आप्रवाह लगायतको अवस्था सकारात्मक छ । विदेशी मुद्राको सञ्चिति करिब २२ खर्ब पुगेको छ ।

शोधानान्तर स्थिति झण्डै २ खर्बले बचतमा छ । रेमिट्यान्स आप्रवाह १५ प्रतिशतले उकालो लागेको छ । तर अधिकांश आन्तरिक सूचक भने सकारात्मक छैनन् । बैंकमा अत्यधिक लगानीयोग्य रकम थुप्रिएको छ । ब्याजदर न्यून हुँदा पनि लगानी बढ्न सकेको छैन । नयाँ उद्योग, व्यवसाय खोल्ने र लगानी गर्नेहरू छैनन् भन्दा फरक पर्दैन । यसको मतलब निजी क्षेत्रमा आत्मविश्वास छैन ।

नयाँ कर्जाको माग नहुनु र बैंकिङ प्रणालीमा रकम थुप्रिनु अर्थतन्त्रको स्वास्थ्यका लागि राम्रो होइन । व्यवसायीहरू कोरोना महामारीयता समस्यामा देखिएको अर्थतन्त्रमा हालसम्म पनि उत्साह देखिन नसकेको बताउँछन् । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल निजी क्षेत्र नफस्टाइकन अर्थतन्त्र चलायमान हुन नसक्ने बताउँछन् । 'निजी क्षेत्रको गतिविधि नबढ्दा सबै क्षेत्र प्रभावित भएका छन् । राजस्व पनि खुम्चिएको छ,' उनी भन्छन्, 'यसको मुख्य कारण बजारमा माग छैन । माग नभएका कारण उद्योगी व्यवसायीहरू लगानी गर्न डराएका छन् ।' बजारको कुनै पनि क्षेत्रमा उत्साह नभएको उनको भनाइ छ ।

पछिल्ला केही वर्षदेखि समग्रमै बजार माग घटेको व्यवसायीहरू बताउँछन् । विकास निर्माणका गतिविधि सुस्त छन् । घरजग्गा कारोबार छैन । महँगी बढेको छ । सरकारले निर्माण व्यवसायीको रकम भुक्तानी गर्न सकेको छैन । भइरहेका विकास निर्माण पनि निकै सुस्तक गतिमा अगाडि बढेका छन् । स्तरोन्नतिका नाममा जथाभाबी सडक भत्काएर छोड्दा ढुवानीको लागत बढेको छ । विकास निर्माण सुस्त भएकाले सिमेन्ट, छड, इँटालगायत वस्तुको उत्पादन घटेको छ । भर्खरै व्यवसायीहरूले सिमेन्टको मूल्य प्रतिबोरा कम्तीमा १०० रुपैयाँ बढाएका छन् । व्यवसायीहरू अन्य मात्रै नभए उपभोग्य वस्तुको माग समेत घटेको बताउँछन् । नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल आम उपभोक्ताहरू खर्च गर्न नै डराइरहेको बताउँछन् । उनले भने, 'बजारमा माग छैन भने हामीले उत्पादन मात्र गरेर कहाँ हुन्छ ? खपत बढेपछि यो उत्पादन बढाउन सकिन्छ र मूल्य पनि प्रतिस्पर्धी हुन्छ ।'

पछिल्ला केही वर्षमा उपभोग्य सामग्रीको माग समेत घटेको अग्रवालको भनाइ छ । उनी भन्छन्, 'अन्य वस्तुमात्रै होइन, दैनिक रूपमा उपभोग हुने सामग्रीको समेत बजार खुम्चिएको छ ।'

(स्रोत: रातोपाटी)

# प्रदीपबारे सुरक्षा : 'मेरो मिरर इमेजजस्तो लाग्छ'

काठमाडौं/अभिनेत्री सुरक्षा पन्त र अभिनेता प्रदीप खड्काले पहिलोपटक फिल्ममा सहकार्य गरेका छन् । त्यो फिल्म हो, 'पिताम्बर' । तर, यसमा उनीहरुको जोडी भने बाँधिएको छैन । न त स्क्रिनमा नै एकसाथ देखिनेछन् । यो फिल्मको छायांकन सकाएर यसै साता काठमाडौंमा आयोजित एक फेस्टिभलको कार्यक्रममा सहभागी भएका उनीहरुले एकअर्काको खुलेर तारिफ गरेका थिए ।

'प्रकाश' र 'पूजार सार्की'पछि सुरक्षा प्रदीपको फ्यान नै बनेकी रहेछिन् । तर, पहिला भने उनलाई लाग्थ्यो रे, 'प्रदीप र म नितान्त फरक व्यक्ति हौं ।' यसको कारणबारे उनी भन्छिन्, 'प्रदीपलाई 'मेन स्ट्रिम प्याटन'को फिल्ममा देखिरहेको अनि मैले कन्टेन्ट बेस धारमा काम गरिरहेकाले हामी नितान्त फरक व्यक्तिहरु हो जस्तो लाग्थ्यो । हामी त्यतिधेरै एकअर्कासँग 'कनेक्टेड' पनि थिएनौं ।'

पहिला प्रदीपको अभिनयलाई लिएर सुरक्षामा एक किसिमको धारणा पनि बनेको रहेछ । तर, पछिल्लो समय प्रदीपले गरेको कामबाट उनी प्रभावित छिन् । 'पहिला म उसको कामहरु त्यति हेर्दिनँ थिएँ । उसको अभिनयलाई लिएर मेरो एक किसिमको धारणा बनेको थियो,' उनी भन्छिन्, 'तर उसले जसरी आफूलाई रुपान्तरण गर्दै गयो, अहिले त ऊ अभिनयमा नेपालको टपमै पर्छ जस्तो लाग्छ । जसरी प्रदीपले पात्रमा आफूलाई ढाल्न सक्छ, त्यसले गर्दा म उसको फ्यान भएकी छु ।'

सुरक्षाले प्रदीपको बौद्धिताको पनि प्रशंसा गरिन् । उनलाई प्रदीप आफ्नो छायाँ जस्तो लाग्छ रे ! भन्छिन्, 'बौद्धिक स्तरमा पनि प्रदीपले धेरै कुरा बुझेको छ । उसको अगाडि जुनसुकै प्रश्न गर्दा पनि एकदमै राम्रोसँग उत्तर दिन सक्छ । कताकता मेरो मिरर इमेज (छायाँ) जस्तो पनि लाग्छ । प्रदीप आँटिलो मान्छे हो । ऊसँग भविष्यमा सहकार्य गर्न एकदमै उत्साहित छु ।'

प्रदीपले पनि सुरक्षाको प्रशंसा गर्न कन्जुसाइँ गरेनन् । सुरक्षालाई टेलिभिजनको भिजे हुँदादेखि आफूले चिनेको स्मरण गर्दै उनले भने, 'उहाँलाई टिभीमा देख्दा म पनि यस्तै हुन पाए हुन्थ्यो भन्ने सोच्थेँ । उहाँ बोल्ड स्वभावको हुनुहुन्छ । कोही रिसाउला र कोही खुसी होला भन्ने हिसाबले बोल्नुहुन्न । अभिनय त भन्नै परेन ।' उनले पनि सुरक्षासँग स्क्रिन सेअर गर्ने आफ्नो चाहना रहेको बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# विद्यालय शिक्षा विधेयकमा विज्ञहरूका थरीथरीका सुझाव



काठमाडौँ, २६ मंसिर/ विद्यालय शिक्षा विधेयकमा विज्ञ तथा शिक्षा क्षेत्रका सरोकारवालाले थरीथरीका सुझाव दिएका छन् । बुधबार संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विद्यालय शिक्षा विधेयक माथिको छलफलमा उनीहरूले आ-आफ्नो सुझाव दिएका हुन् ।

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्राडा केदारभक्त माथेमाले शिक्षकहरूलाई राजनीतिमा धकेल्न नहुने बताए । शिक्षकलाई राजनीतिबाट मुक्त गराउनुपर्ने र त्यसका लागि दलमा आबद्धता त्याग्नुपर्ने उनको भनाइ थियो । तालिम प्राप्त शिक्षक हुँदाहुँदै सार्वजनिक विद्यालयको नतिजा कमजोर रहेको बताउँदै उनले नयाँ बन्ने ऐनमा ती कुरालाई ध्यानमा राख्नुपर्ने प्रस्ट पारे । शिक्षकलाई राजनीतिमा धकेल्ने काम भइरहेको भन्दै उनले यसले शिक्षा क्षेत्र धराशायी हुँदै गएको बताए ।

'भान्से मेरो घरप्रति जिम्मेवार हुनुपर्छ, न कि टाढाको छिमेकीप्रति । त्यसैले शिक्षालाई स्थानीय तहमै अधिकार दिनुपर्छ,' माथेमाले भने । अहिले निजी क्षेत्रमा सहभागी बढिरहेको बताउँदै उनले सार्वजनिक विद्यालयहरू भागाभागको अवस्थामा रहेको प्रस्ट पारे । अब बन्ने ऐनमा सार्वजनिक विद्यालयलाई बलियो बनाउने खालका विषयहरू समेट्नुपर्ने उनको सुझाव थियो ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डाक्टर महाश्रम शर्माले विद्यालय शिक्षा विधेयक बनाउनुअघि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास हेर्न सुझाव दिए । हरेक बालबालिकालाई निःशुल्क शिक्षाको प्रत्याभूति संविधानले गरे पनि व्यवहारमा त्यो हुन नसकेको बताउँदै उनले ऐन बनाउँदा निःशुल्क शिक्षाको ग्यारेन्टी गर्नुपर्ने बताए ।

शिक्षामा लगानी अभिवृद्धि गर्दै निजी लगानीलाई व्यवस्थित गर्दै जानुपर्ने शर्माले बताए । निजी विद्यालयको व्यवस्थापन तत्कालै गर्न नसकिने भए पनि राज्यले सार्वजनिक विद्यालयको गुणस्तर सुधार गर्न सकेमा सहज हुने उनको भनाइ छ । निजी लगानीका विद्यालयको हकमा निश्चित समय दिएर सरकारले राष्ट्रियकरण गर्न सक्ने वा त्यो गर्न नसकेको खण्डमा राज्यले नै राष्ट्रिय मापदण्ड बनाएर व्यवस्थापन गर्न सक्ने उनले प्रस्ट पारे ।

शर्माले बाल अधिकार सुनिश्चित गर्दै निजीमा पढ्न चाहने विद्यार्थीका लागि न्यूनतम भौचर प्रणालीको व्यवस्था गर्न सकिने सुझाव दिए । विदेशी बोर्डका विद्यालयका विषयमा विधेयकमा ठोस विषय आउनुपर्ने उनको अर्को सुझाव थियो । विदेशी बोर्डलाई नेपालमा ल्याएर चलाउनुपर्ने उनको भनाइ थियो । प्रधानाध्यापकको नियुक्तिको विषयमा समेत विधेयक पेचिलो बन्दै गएको बताउँदै शर्माले त्यसका लागि २/३ वटा विकल्प अघि सारे । स्थानीय तहको उपप्रमुखको संयोजकत्वमा समिति बनाएर स्थानीय तहले नै प्रधानाध्यापकको नियुक्ति गर्न सकिने उनको सुझाव थियो । त्यस्तै खुला प्रतिस्पर्धाबाट समेत प्रधानाध्यापकको नियुक्ति गर्न सकिने उनले बताए ।

राहत शिक्षकको हकमा एक पटकलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गराउनुपर्ने र त्यसपछि राहत शिक्षक राख्ने बाटो सधैँका लागि बन्द गर्नुपर्ने उनको सुझाव थियो । शिक्षकहरूलाई कुनै पनि राजनीतिक दलमा आबद्ध हुन नपाउने व्यवस्था गर्नुपर्ने र शिक्षकको पेसागत हकहितका लागि पेसागत महासंघको व्यवस्था गर्नुपर्ने शर्माले बताए ।

अहिलेको कोर्ष पढाएर नेपाली विद्यार्थीलाई वैज्ञानिक बनाउन नसकिने बताउँदै उनले त्यसका लागि संघीय सरकारले विशेषखालका विद्यालय सञ्चालन गर्न सक्ने धारणा राखे । जुनसुकै विषय पढेकालाई शिक्षकमा नियुक्त गर्दा उनीहरूलाई शिक्षणका लागि विशेषखालको तालिम अनिवार्य गर्नुपर्ने शर्माको भनाइ छ ।

शिक्षाविद् प्राडा मीनबहादुर विष्टले सार्वजनिक शिक्षा भनेको राजनीतिक विषय भएको बताए । नेपालमा मात्र नभइ संसारका अधिकांश देशमा राजनीतिक स्वार्थ, व्यापारिक स्वार्थ लगायत विभिन्न चक्रव्यूहमा सार्वजनिक शिक्षा फसेको उनले जिकिर गरे ।

निजी पढ्न चाहने विद्यार्थीलाई राज्यलाई न्यूनतम भौचर दिनुपर्ने विषयमा उनले विरोध जनाउँदै यसले सार्वजनिक विद्यालय झन् कमजोर हुने बताए । संसारमा जुनसुकै देशको कुरा गर्दा पनि भौचर प्रणाली फेल खाएको बताउँदै उनले त्यसबारे सोच्नुपर्ने बताए । विद्यालयको स्थायित्व प्रमुख विषय भएकाले ऐन त्यही अनुसार आउनुपर्ने विष्टको भनाइ थियो । शिक्षक राज्यको भए पनि ज्यामीको जस्तो व्यवहार गर्ने गरिएको उल्लेख गर्दै उनले शिक्षकलाई व्यवस्थापन गर्न सकिएन भने शिक्षकको ठुलो संकट पर्ने चेतावनी दिए ।

विश्वका विकसित देशहरूमा शिक्षकको अभाव भएपछि अन्य देशबाट मगाउने गरेको स्मरण गर्दै विष्टले भने, 'नेशनल रिसोर्स भनेको शिक्षक हुन् । शिक्षकलाई ज्यामीको व्यवहार गरियो भने ठुलो संकट आउन सक्छ ।' एजुकेशन इनोभेसनका लागि विद्यालयहरूले लगानी गर्न सक्ने भन्ने व्यवस्था राख्नुपर्नेमा जोड दिँदै उनले त्यस्तो गर्न सकियो भनेमात्रै विद्यालय सक्षम हुने बताए ।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डाक्टर टंकनाथ धमलाले शिक्षकलाई एउटा पालिकामा मात्रै वञ्चित गराउन नहुने बताए । शिक्षक खासमा राष्ट्रियमात्र नभइ अन्तर्राष्ट्रियस्तरकै हुने बताउँदै उनले शिक्षकलाई एउटा पालिकामा थन्क्याएर राख्न नहुनेमा जोड दिए ।

उनले शिक्षक नियुक्तिको मापदण्डमा विगत केही वर्षदेखि पार्टीका कुनै पनि कार्यक्रममा सहभागी नभएको हुनुपर्ने व्यवस्था राख्न सुझाव दिए । शिक्षक कर्मचारीको परीक्षणकाल समान बनाउनुपर्नेमा जोड दिँदै उनले भने, 'महिला शिक्षकको परीक्षणकाल ६ महिना हुन्छ । पुरूष शिक्षकको एक वर्ष । महिला शिक्षकले ६ महिनामै सिक्ने र पुरूष शिक्षक पूर्ण हुन एक वर्ष लाग्ने हो ?' महिला र पुरूषमा विभेद गर्न नहुने उनको भनाइ थियो ।

अर्का शिक्षाविद् डाक्टर विष्णु कार्कीले के कारणले निजी विद्यालय चाहिने हो भन्ने खोज्नुपर्ने बताए । विद्यालय शिक्षालाई निःशुल्क बनाउने भनिएको अवस्थामा त्यसका लागि आवश्यक पर्ने स्रोत साधनको टुङ्गो लगाउनुपर्नेमा उनले जोड दिए ।

दलीय राजनीतिबाट शिक्षालाई मुक्त गराउनका लागि आमसहमति हुनुपर्ने कार्कीको भनाइ छ । ऐनमा गुणस्तरीय शिक्षाको विषय कहीँ-कतै उल्लेख नभएको बताउँदै उनले त्यसको सुनिश्चितता हुनुपर्नेमा जोड दिए । अर्का शिक्षाविद् डाक्टर विनय कुसियतले विधेयकको प्रस्तावनामै शिक्षा के हो ? सार्वजनिक शिक्षा के हो ? राज्यको दायित्व के हो ? गुणस्तरको दायित्व के हो ? जस्ता विषयको उत्तर खोज्नुपर्ने बताए ।

शिक्षालाई निःशुल्क बनाउने मोडल के हो भन्नेबारे समेत प्रस्ट हुनुपर्ने उनको भनाइ छ । राजनीतिक गन्धभन्दा पनि दलीय गन्धका कारण शिक्षा क्षेत्र बिग्रिरहेको उनले बताए । बाल विकास विशेषज्ञ डाक्टर मिनाक्षी दाहालले बाल विकास भनेको कक्षा १ को तयारीमात्रै नभइ जीवनकै सिकाइ भएको बताइन् । विधेयकमा आधारभूत भनेको ईसीडीदेखि कक्षा ८ सम्म किन भनिएको भन्दै उनले प्रश्न गरिन् । बाल विकास कक्षाको लागि पूर्वशिक्षा तालिम अनिवार्य गर्नुपर्ने उनको भनाइ छ ।

अटिज्म विशेषज्ञ डाक्टर सुनिता मलेकु अमात्यले अपाङ्गता भएका बालबालिकाको विषयमा गम्भीर विषयहरू आउनुपर्ने बताइन् । अपाङ्गता तथा अटिज्म भएका बालबालिकाको सिकाइका लागि के गरिरहेका छौँ र अबको सिकाइका लागि के गर्छौं भन्ने कुरा ऐनमा आउनुपर्ने उनको भनाइ छ ।

अपाङ्गता भएका बालबालिकाको पहुँच सहज पुग्न नसक्ने बताउँदै अमात्यले त्यसका लागि राज्य नै गम्भीर हुनुपर्ने बताइन् । पूर्वसचिव जनार्दन नेपालले विधेयक संघीयता केन्द्रितभन्दा पनि मन्त्रालय र शिक्षक केन्द्रित भएको बताए । विद्यार्थीलाई मुख्य केन्द्रमा राखेर ऐन आउनुपर्ने उनले बताए ।

विधेयकमाथि शिक्षाविद् डाक्टर ब्रजेश पन्त, शिक्षाविद् डाक्टर तुलसी थपलिया, प्रधानाध्यापक महेन्द्र विष्ट, सन्तोष कोइराला, शिक्षाविद् टीका भट्टराई लगायतका विज्ञहरूले आफ्नो धारणा तथा सुझाव दिएका थिए ।

(स्रोतः रातोपाटी)

# जनवरीदेखि सगरमाथामा व्यावसायिक हेलिकप्टर उडान निषेध



काठमाडौँ, २६ मंसिर/ सरकारले अंग्रेजी नयाँ वर्ष (१ जनवरी २०२५) १७ पुस २०८१ देखि लागु हुने गरी सगरमाथा निकुञ्ज क्षेत्रमा व्यावसायिक हेलिकप्टर उडानमा रोक लगाएको छ ।

सगरमाथा राष्ट्रिय निकुञ्जले बुधबार सबै हेलिकप्टर कम्पनीलाई पत्र लेख्दै उक्त निर्णयबारे जानकारी गराएको हो । निकुञ्ज, खुम्बु पासाङ ल्हामु गाउँपालिका, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति तथा स्थानीय सरोकारवालाको बैठकले उक्त निर्णय गरेको हो ।

निर्णय अनुसार अब पर्यटक तथा स्थानीयको उद्धार तथा मालसामान ढुवानी बाहेक व्यावसायिक रूपमा हेलिकप्टर उडाउन पाइने छैन ।

सगरमाथा राष्ट्रिय निकुञ्जभित्र उडान तथा अवतरण गर्ने विभिन्न कम्पनीका हेलिकप्टरले उडान-अवतरण गर्नुअघि निकुञ्ज कार्यालयबाट अनुमति लिएर मात्र उडान गर्नुपर्छ । तर, यस्तो काम प्रभावकारी नभएको र राजस्व चुहावट समेत भएको भन्दै निकुञ्जले अब व्यावसायिक उडानमा रोक लगाउने निर्णय गरेको हो ।

हेलिकप्टर कम्पनीले मनपरी ढंगले उडान-अवतरण गर्दा निकुञ्जको वन तथा वातावरण र वन्यजन्तुको सुरक्षामा समेत चुनौती थपिएको कार्यालयले जनाएको छ । यसले मानव बस्तीमा ध्वनि प्रदूषण बढाएको समेत निकुञ्जले हेलिकप्टर सेवा प्रदायक कम्पनीलाई पठाएको पत्रमा उल्लेख छ ।

निकुञ्ज कार्यालयका अनुसार अब निकुञ्जको कोर तथा मध्यवर्ती क्षेत्रमा व्यावसायिक प्रयोजनमा हेलिकप्टर उडान-अवतरणमा पूर्णरोक लागेको छ ।

निकुञ्ज भ्रमण गर्न आउने पर्यटक, स्थानीय र पदमार्गीको स्वास्थ्य ध्यानमा राख्दै सर्तसहित उद्धार उडान भने गर्न पाइने छ । जसमा नजिकैको स्वास्थ्य संस्था, मध्यवर्ती उपभोक्ता समिति र वडा कार्यालयलाई मौखिक/लिखित सिफारिसपछि मात्र निकुञ्जले अनुमति दिने छ ।

उद्धार उडान गर्नुपर्ने अवस्था आए निकुञ्जबाट पूर्वसहमति लिएर हेलिकप्टर अवतरण गर्ने स्थान तय गर्नुपर्ने छ । उद्धार हुने व्यक्तिको विवरण निकुञ्ज कार्यालयमा पेस गर्नुपर्ने भएको छ ।

हेलिकप्टरमा उद्धार (रेस्क्यु) गर्नुपर्ने पर्यटक बाहेक अरूलाई ओसारपसार गर्न रोक लगाइएको छ । खुम्बु क्षेत्रको भौगोलिक अवस्था मध्यनजर गरी स्थानीय स्तरमा आवश्यक सामग्री ढुवानीका लागि भने पूर्वसहमतिमा कार्गो उडान गर्न पाइने छ ।

सगरमाथा आरोहणका लागि कार्गो ढुवानी गर्न पाङबोचे भन्दा माथिल्लो क्षेत्रमा अवतरण गर्न पाइने छैन ।

# सिन्धुपाल्चोकमा माओवादी सांसदलाई कांग्रेस सांसदको धम्की

काठमाडौँ, २६ मंसिर/ कांग्रेस सांसद तथा पूर्वमन्त्री मोहन बस्नेतले माओवादी केन्द्रका सांसद माधव सापकोटालाई लक्षित गर्दै धम्की दिएका छन् । जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिकामा आयोजित सार्वजनिक सभामा २२ मंसिर, शनिबार बोल्दै सिन्धुपाल्चोक-२ का सांसद बस्नेतले क्षेत्र नम्बर १ का सांसद सापकोटालाई चुनौती दिँदै अपशब्द र धम्की प्रयोग गरेका हुन् ।

सापकोटाले जितेको क्षेत्रमा पर्ने त्रिपुरासुन्दरीमा अर्को क्षेत्रका सांसद बस्नेतले बोलेको भाषणको भिडियो यति बेला सामाजिक सन्जालमा व्याप्त भइरहेको छ ।

'केन्द्रमा जसको सरकार होस्, सिन्धुपाल्चोकमा मोहन बस्नेतको सरकार चल्छ, म पन्चायतदेखि सबैसँग लडेर आएको मान्छे हुँ, म विकास रोजगारी दिने मान्छे हुँ,' उनले सभामा भनेका छन्, 'आइन्दा कांग्रेससँग विकास चाहिए माग, बच्चाले खान पाएनन् भने माग, म दिन्छु । तर चुरीफुरी गरेर रुख ढाल्ने काम भयो भने सुबोध सापकोटा (माधव), अग्नि सापकोटा लगायत लिखुरेहरूलाई लाई गर्धन मुनि, रुख माथि पारिदिन्छु ।'

उनले अरु अतिरन्जित गर्दै भने, 'करङ चिलाएकाले, डँडेलो सक्सक्याएकाले यस्तो काम (अवरोध) गर्छन् । सुबोध (माधव) ले यहाँबाट जितेको छ, यो बाटो पिच गराइदे भन्नु, नत्र के छ आम्दानीको स्रोत ? यति ठूला कुरा गर्ने ? तीन बिसौलीका (अपशब्द) उफ्रिँदा उफ्रिँदा यी २५ इन्चका तिघ्रा के गरेर बस्छन् ? गफ दिने ?' त्यसपछि पनि उनले थुप्रैपटक अपशब्द बोलेको सुनिन्छ ।

माओवादी सांसद सापकोटाले बस्नेतको अभिव्यक्तिप्रति दुःख प्रकट गरे । आफूलक्षित व्यक्तिगत गाली पहिले पनि हुने गरेको भन्दै सापकोटाले भने, 'नयाँ पुस्ता राजनीतिप्रति वितृष्णा जनाइरहेका बेला हामीले आशा जगाउनुपर्ने, तर उहाँ (बस्नेत) ले त निराश पो बनाउनुभयो । यो राम्रो भएन ।'

हामीले बस्नेतलाई फोन गर्दै किन अपशब्द र गालीगलौजमा उत्रेको भनी जान्न चाहृयौं । उनले आफ्ना भनाईहरूको प्रतिरक्षा गर्दै फेरि पनि त्यस्ता शब्दहरू भन्ने बताए ।

'माथिबाट ढुंगा हान्दै कालो झन्डा देखाउने, डाका र चोर भन्ने गर्न थालेपछि हामी चाहिँ रुद्राक्षको माला जपेर बस्ने ? हामीले गरेको विकास निर्माणमा उद्धाटन क्रममा अवरोध गरेपछि मैले बोलेको हुँ, अझै पनि बोल्छु,' बस्नेतले भने ।

(स्रोतः अनलाइनखबर)

# गोदाममा मल थुपारेर कालोबजारी, मुख्यमन्त्री बोलाएर सहमति

काठमाडौँ, २६ मंसिर/ सप्तरी जिल्लाका जनप्रतिनिधिहरूले मंगलबार साल्ट ट्रेडिङ कम्पनी लिमिटेड र कृषि सामग्री केन्द्र लिमिडेटमा ताला लगाए । ताला लगाउनुको कारण रासायनिक मल अभाव थियो ।

'हाम्रा यहाँका किसानले मल पाएका छैनन् । गोदाममा आएको मल पनि कहाँ वितरण भइरहेको छ थाहा छैन,' सप्तरी छिन्नमस्ता गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले भने, 'यहाँ किसानलाई मल नआउने, अनि बजारमा मल कालोबजारी हुने पाइएकाले विरोध गर्दै ताला लगाएका थियौं ।'

उनका अनुसार सप्तरीका १८ वटै स्थानीय तहका प्रमुखहरूको रोहबरमा साल्ट ट्रेडिङ र कृषि सामग्री कम्पनीका कार्यालयहरूमा तालाबन्दी गरिएको थियो । 'मल वितरणमा गरिएको कालोबजारी, अनियमितता र लापरबाहीका कारण हामीले विरोध गर्दै ताला लगाएका थियौं,' चौधरी भन्छन् ।

उनका अनुसार सप्तरीमा १ लाख १६ हजार बोरा मल आयात भएकोमा केवल ४३ हजार बोरामात्र वितरण गरिएको छ । १३ हजार बोरा मल गोदाममा मौज्दात रहे पनि किसानलाई उपलब्ध गराइएको छैन । 'बाँकी ६० हजार बोरा मल अत्तोपत्तो छैन, जसले गम्भीर शंका उत्पन्न गराएको छ, यसले मलमा कालोबजारी भएको प्रष्ट हुन्छ,' उनी भन्छन ।

जनप्रतिनिधिहरूको आरोपबारे साल्ट ट्रेडिङ राजविराज कार्यालय प्रमुख सोम मुर्मुले तथ्यांक जनप्रतिनिधिलाई दिएको बताए । 'यहाँबाट हामीले कालोबजारी गरेको छैन, मलको अवस्थाबारे जनप्रतिप्रनिधिहरूलाई भनेका पनि थियौं,' उनले भने । तर, उनले मलको यथार्थ विवरणबारे जवाफ दिन सकेनन् ।

**मुख्यमन्त्री बोलाएर सहमति**

सप्तरीमा जनप्रतिनिधिहरूकै अगुवाइमा साल्ट ट्रेडिङ र कृषि सामग्री केन्द्र अगाडि धर्ना भएपछि मधेस प्रदेश सरकारका मुख्यमन्त्री नै छलफल गर्न आएका थिए । बुधबार सप्तरीबाट प्रतिनिधिसभा सदस्य बनेका जनमत पार्टी अध्यक्ष डा. सीके राउत, मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह सहित छलफल भएको हो ।

'हामीले किसानका पक्षमा आन्दोलन गरेर प्रदेश सरकारको उपस्थिति मागेपछि मुख्यमन्त्री स्वयं र जिल्लाका सांसद सीके राउत सहित छलफल भएको हो,' छिन्नमस्ता गाउँपालिका अध्यक्ष चौधरी भन्छन् । उनका अनुसार साल्ट ट्रेडिङ र कृषि सामग्री केन्द्रले किसान र जनप्रतिनिधि सामु प्रतिबद्धता गरेपछि बुधबार ताला खोल्ने सहमति भएको छ ।

'राजविराजस्थित गोदाममा रहेको मल अविलम्ब वितरण गरिने छ,' सहमतिमा छ । यस्तै जिल्लामा माग अनुसार मल नआएको र आएको मल पनि किसानलाई कम दिँदा कालोबजारी भएको भन्दै सहकारी, डिलरलाई कारबाही गर्ने सहमति भएको छ । सहमति अनुसार जिल्लामा मागको ३० प्रतिशत मल पनि नरहेको भन्दै संघ सरकारसँग माग गरिने छ ।

**हेर्नुस् सहमति :**

१ लाख टन मल मौज्दात

मल अभाव कारण कालोबजारी र विवाद चलिरहँदा सरकारसँग भने १ लाख टनभन्दा बढी मौज्दात छ । गत आर्थिक वर्ष २०८०/८१ को मौज्दात सहित अहिले कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कम्पनी लिमिटेडमा गरी १७ मंसिरसम्म १ लाख १५ हजार ३ सय १२ टन मल मौज्दात छ ।

साल्ट ट्रेडिङसँग २६ हजार १ सय ७४ टन र कृषि सामग्रीसँग ८९ हजार १ सय ३८ टन मल मौज्दाते छ । दुई कम्पनीसँग गरी युरिया ७८ हजार ८ सय २२ टन, डीएपी २९ हजार ५ सय २२ टन र पोटास ६ हजार ९ सय ६७ टन मौज्दात छ । चालु आव ५ लाख ५० हजार टन मल ल्याउने लक्ष्य लिएको सरकारले साउनयता २ लाख ७ हजार १ सय ७५ टन मल आयात गरिसकेको छ ।

**"सुधार हुँदैछ"**

कृषि मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठ मल अभावको विषयलाई लिएर मन्त्रालयले सुधारको कम गरिहेको बताउँछन् । 'हामीले मल वितरण प्रणालीमा सुधार गर्न निर्देशिका संशोधन गरि रहेका छौं । यो निर्देशिका सुधार भएपछि अहिले जस्तो समस्या आउँदैन,' श्रेष्ठले भने ।

(स्रोतः अनलाइनखबर)

# साइबर मुद्दामा दुर्गा प्रसाईंलाई ५ वर्षभन्दा बढी कैद सजाय गर्न मागदाबी

काठमाडौँ, २६ मंसिर/ कम्बोडियाको एउटा टेलिकम कम्पनीमा प्रधानमन्त्री केपी शर्मा ओलीले लगानी गरेको दाबी सार्वजनिक गरेका दुर्गा प्रसाईंविरुद्ध साइबर अपराध सम्बन्धी कसुरमा मुद्दा दर्ता भएको छ । काठमाडौँका जिल्ला न्यायाधिवक्ता खडिन्द्रराज कटुवालले उनीविरुद्ध विद्युतीय कारोबार ऐन-२०६३ अन्तर्गतको कसुरमा बुधबार अदालतमा अभियोगपत्र दायर गरेका हुन् ।

प्रसाईंलाई विद्युतीय कारोबार ऐन-२०६३ को दफा ४७ को उपदफा (१) अन्तर्गतको कसुरमा ५ वर्ष कैद र १ लाख जरिवाना गर्न मागदाबी गरिएको छ । सरकारी वकिलले उनलाई दफा (४७)को (२) अनुसार थप सजाय गर्नुपर्ने मागदाबी गरेका छन् । सो उपदफा अनुसार पटक-पटक साइबर सम्बन्धी कानुन उल्लंघन गर्नेलाई डेढी सजाय हुने कानुनी व्यवस्था छ ।

सो व्यवस्था अनुसार उनलाई ५ वर्ष र त्यसको डेढी सजाय हुनुपर्ने सरकारी वकिलको मागदाबी छ विद्युतीय कारोबार सम्बन्धी प्रसाईंविरुद्ध काठमाडौँ जिल्ला अदालतमा दर्ता भएको यो तेस्रो मुद्दा हो ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

## यातायात व्यवसायीहरूमा अत्यन्त जरूरी सूचना

तपाईले ढुवानी भाडाको लागि वा ढुवानी सेवाको लागि नजिकको आन्तरिक राजश्व कार्यालयबाट पान नम्बर लिएर कारोबार गर्नु भएको छ भने, यस बर्षको आर्थिक ऐन २०८१ ले दिएको छुट प्राप्त गर्ने अन्तिम मिति यही २०८१ मंसिर मसान्तसम्म मात्र रहेकाले यथाशिघ्र आफूले पान नम्बर लिएको कर कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

सरोजकुमार खनाल (महासचिव)

**नारायणी यातायात व्यवसायी संघ**

हेटौंडा-४, पारिजातपथ

## कर्मचारी आवश्यकता

एभोकाडो एण्ड अर्किड रिसोर्ट हेटौंडाको लागि रेष्टुरेन्टको र बैंक्युट हलको लागि तपशिल बमोजिम कर्मचारीहरु आवश्यक भएकोले काम गर्ने तथा अनुभवी योग्य व्यक्तिहरुले निम्न ठेगानामा सम्पर्क गर्नु हुन जानकारी गराइन्छ ।

**तपशिल**

| सि.नं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १ | Banquet सुपरभाइजर | १ | कम्तीमा +२ उत्तीर्ण गरी कम्प्युटरमा दखल भएको र सम्बन्धित काममा दक्ष भएको |
| २ | रेष्टुरेन्ट क्यासियर | १ | +२ उत्तीर्ण गरेको, कम्प्युटरमा दल भएको र सम्बन्धित काममा दक्ष भएकोलाई विशेष ग्रहयता |

सम्पर्क

**एभोकाडो एण्ड अर्किड रिसोर्ट प्रा.लि., हेटौंडा**

फोन नं. ०५७-५२०४२९, ५२०२३५

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना